# रातो खबर
साप्ताहिक
Ratokhabar weekly

वर्ष ४, अङ्क ९, पूर्णाङ्क १५५ | २०७५ साउन २३ गते बुधबार | Wednesday, 8 Aug 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## नेकपाका नेता–कार्यकर्ता गिरफ्तार





■ रातो खबर संवाददाता

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य आजाद केसीलाई प्रहरीले गिरफ्तार गरेको छ। पारिवारिक स्रोतका अनुसार केसीलाई भक्तपुरमा रहेको आफ्नै डेराबाट मंगलबार

... बाँकी पृष्ठ ७ मा

## ‘भूमाफियाविरुद्ध सङ्घर्ष जारी’

■ रातो खबर संवाददाता/ललितपुर

नेपाल कम्युनिस्ट पार्टी ललितपुरले हरि सिद्धिमा रहेको इट्टा तथा टायल कारखानाको जग्गा फटाहा र भूमाफियाले राजनीतिक संरक्षणमा गैरकानुनी तरिकाले अनुत्पादक क्षेत्रमा लैजान बिक्री गर्न लागेको पाइएपछि त्यसविरुद्ध जनताका पक्षमा सङ्घर्ष गरेको जनाएको छ। नेकपा ललितपुरका सेक्रेटरी विपीन शर्माले आइतबार प्रेसविज्ञप्ति जारी गर्दै उक्त विवादित जग्गामा जनताका पक्षमा काम नभएसम्म पार्टीले सङ्घर्ष जारी राख्ने जनाएका छन्।

उक्त विषयलाई लिएर आफ्नो पार्टीप्रति फैलाइएको भ्रमपूर्ण प्रचारबाजी तथ्यहीन र निराधार भएको विज्ञप्तिमा उल्लेख गरिएको छ। साथै नेकपाले जनताको हितमा काम गरेपछि बढ्दै गइरहेको जनसमर्थनको लहरबाट अत्तालिएकाहरूबाट षड्यन्त्रपूर्ण समाचार बाहिर ल्याइएको पनि जनाएको छ।

विज्ञप्तिमा ‘यसरी रोकियो हरिसिद्धि इट्टा तथा टायल कारखानाको जग्गा बेच्ने योजना’ शीर्षकमा प्रसारित समाचारमा जिल्ला सचिव विपीनलाई लाखौंको अफर, विभिन्न व्यक्तिहरूसँगको जिल्ला सेक्रेटरीको भेटघाट, पार्टी हेडक्वार्टरको ध्यानाकर्षण

... बाँकी पृष्ठ ७ मा

# समृद्धिको उल्टो यात्रामा सरकार

■ रातो खबर संवाददाता/काठमाडौं

आफूलाई शक्तिशाली बताउने सरकारले व्यवहारमा नागरिकलाई महसुस हुने खालका केही काम गर्न नसके पनि दिनहुँ शान्ति, समृद्धि र विकासको नारा दिइरहेको छ। सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा छिटै नै पानीजहाज र रेल चलाउने रटान लगाइरहँदा सुन्नेहरूले आजभोलि रेल र पानीजहाज भन्ने थेगोलाई नै मजाकको विषय बनाउने गरेको पाइन्छ। सामाजिक सञ्जालका भित्ताहरूमा होस् वा चौतारीका चियापसलमा, सार्वजनिक सवार साधनमा अटाइनअटाई ठेलमठेल यात्रा गर्नेहरू किन नहोऊन्, केपीले भन्ने गरेको पानीजहाज र रेलका विषयमा गतिलै तरिकाले व्यङ्ग्य गर्दछन्। सोमबार मात्र काठमाडौं रिङरोडमा महानगरको बसमा यात्रारत एकजना यात्रु भन्दै थिए, ‘केपीले पानीजहाज र रेल ल्याउनुभन्दा काठमाडौं सडकको जाम हटाएको भए हुने थियो।’


माथि गाडीमा सवार ती युवाले भनेजस्तै सरकारले जनतालाई ठूला परिवर्तन, विकास र समृद्धिका सपना मात्र देखाएको छ। जनतालाई सामान्यतः यो सरकार कम्युनिस्ट र शक्तिशाली सरकार हो भन्ने अनुभूति हुने काम गरेको छैन। अहिले समाजमा हत्या, हिंसा र बलात्कारका डरलाग्दा घटनाहरू वृद्धि हुँदै गएका छन्। आइतबार मात्र राजधानीमै एक अबोध ११ वर्षीय बालकको अपहरणपछि हत्या भएको र समयमै सूचना पाएर पनि प्रहरीले बालकलाई बचाउन नसक्नुले राज्यको सुरक्षा संयन्त्र कति कमजोर छ भन्ने कुरा प्रमाणित गरेको छ। राजधानीभित्रै भएको उक्त बालक हत्याको विषयलाई लिएर अन्य विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकहरू त्रसित भएको अवस्था छ। यस्तै दिनदिनै बलात्कार र हत्याहिंसाका घटनाहरू भइरहेका छन्। यस्ता



दाङको ग्वारखोलामा आएको बाढीले बगाएको यात्रुवाहक बस

... बाँकी पृष्ठ ७ मा

## अपर तामाकोसीको सब स्टेसनमा भूमाफियाको चलखेल



अपर तामाकोशी



अपर तामाकोशीको सवस्टेशन राख्ने ठाउँ

■ रातोखबर संवाददाता/काठमाडौं

जिल्ला शंखरापुर नगरपालिका ३ स्थित कुलामुनि गाउँको खेतीयोग्य १९० रोपनी जमिनमा अपर तामाकोसी हाइड्रोले अधिकरण गरी त्यहाँको किसानलाई मुआब्जा रकममार्फत रकम उपलब्ध गराउने नाममा भूमाफिया र स्थानीय स्तरमा गठित सङ्घर्ष समितिले ठूलो चलखेल गरिरहेको समाचार रातो खबरलाई प्राप्त भएको छ। समाचारअनुसार किसानको हितमा बनेको सङ्घर्ष समितिको संयोजक सत्यमान लामाले त्यहाँका सोझा जनतालाई राजनीतिक आडमा धाकधम्की दिने गरेको कुरा मुआब्जा रकम नपाउने किसानले बताएका छन्। पीडितहरूलाई न्याय दिलाउनुको सट्टा निकै मोटो रकम हात पार्ने दाउँमा त्यहाँका पीडित किसानलाई कमिसन मागेको र सङ्घर्ष समितिले जग्गा सब स्टेसनमा पर्नेहरूसँग कमिसनको दोहोरो कागजसम्म गरी दुःख दिइरहेको खुल्न

बाँकी पृष्ठ ८ मा

## राजधानीमै अपहरणकारीद्वारा बालकको हत्या

### निशानको हत्यापछि शोकमा डुब्यो परिवार

■ रातो खबर संवाददाता/भक्तपुर

भक्तपुरको काँडाघारीमा चिया पसल सञ्चालन गर्दै आएकी चमेली खड्का शोकाकुल बनेकी छिन्। आफ्नो ११ वर्षको छोरा निशानलाई विद्यालयबाट फर्केको केही क्षणमै अपहरणकारीले फकाएर अपहरण गरी हत्या गरेपछि चमेली मात्र विक्षिप्त बनेकी छैनन्, उनको परिवार नै शोकमा डुबेको छ।

एघार वर्षीय अबोध बालकको अपहरण र हत्यामा संलग्न व्यक्ति चिनजानकै, अझ भनौं उनकै पसलका नियमित ग्राहक भएको प्रहरीको अनुसन्धानले देखाएको छ। चमेलीको भनाइअनुसार आइतबार अपराह्न मोबाइल किन्न चिनजानकै व्यक्ति गोपाल तामाङले निशानलाई साइकलमा लिएर बजार गएका थिए। तर सोही साँझ हाइल्यान्ड इङ्लिस स्कुलमा कक्षा ६ मा पढ्ने चमेलीका छोरा निशान एकाएक हराए। राती ९ बजेतिर अपरिचित नम्बरबाट एक व्यक्तिले चमेलीलाई फोन गरेर भने, ‘तेरो छोरा



अपहरणमा परेको छ। ४० लाख लिएर आइज। प्रहरीलाई खबर गरिस् भने.....।’ त्यसपछि उसले फोनको स्विच अफ गऱ्यो। फिरौती माग्ने अपरिचित नम्बर प्रयोग गरेका व्यक्तिको आवाज चमेलीलाई परिचितजस्तै लाग्यो। सिन्धुपाल्चोक ज्यामिरे घर भएकी खाजापसले चमेली निकै आत्तिइन्। त्यसपछि चमेलीले प्रहरीलाई १००

बाँकी पृष्ठ ७ मा

## एन आइसी एसियाको बेइमानी


NIC ASIA
एन आई सी एशिया बैंक लि.


■ अम्बिका चन्द/काठमाडौं

भक्तपुरको चाँगुनारायणमा रहेको नेपाल इन्जिनियरिङ कलेजका संचालक समितिका सदस्यहरुले नीजि क्षेत्रको बैक एन आइ सि एसियाले विनाकारण आफुहरुलाई दुःख दिएको बताएका छन्। अघिल्लो आइतबार उक्त इन्जिनियरिङ कलेजका संचालक, शिक्षक र कर्मचारीहरुले बैकले विनाकारण आफनो रकम रोक्का गरेको भन्दै बैक विरुद्धमा नाराबाजी गर्दै प्रदर्शनमा उत्रिएका थिए। उनीहरुले कसिमनवालाहरुसँग मिलेर बैकले चार करोड बढि रकम रोक्का गरिदिएको बताएका थिए। आन्दोलनपछि एन आइ सी एसियाले कलेजको आधीकारीकताको विषयमा विबाद रहेको भन्दै चाँगुनारायण नगरपालिकाका

बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवाद–साम्यवादको लोकप्रियता

**देश/परिवेश**

■ विप्लव



वैज्ञानिक समाजवादी-साम्यवादी विचारधारा आजसम्म प्रचलित विचारधारामध्ये सबैभन्दा लोकप्रिय विचारधारा हो। यसको लोकप्रियताबाट पुँजीवादी दुनियाँ कतिसम्म भयभति भयो भने मार्क्सलाई युरोप (ब्रिटेनबाहेक) मा बस्ने ठाउँ पनि भएन। कम्युनिस्ट लोकप्रियता कस्तो थियो भन्ने सन्दर्भलाई सङ्केत गर्दै मार्क्सले घोषणापत्रको भूमिकामा लेख्नुभएको छ, ‘के कुनै त्यस्तो विरोधी पार्टी छ जसलाई सत्ताधारीहरूले कम्युनिस्ट भनेर बदनाम गरेका छैनन् ? के त्यस्तो कुनै दल छ जसले आफ्ना प्रगतिशीलविरोधी पार्टीलाई र आफ्ना प्रतिक्रियावादी प्रतिद्वन्द्वीलाई कम्युनिस्टको निन्दापूर्ण अभियोग नलगाएको होस् ?’ त्यसैगरी, एङ्गेल्स लेख्नुहुन्छ, ‘आज निःसन्देह रूपमा यो सम्पूर्ण समाजवादी साहित्यको सबभन्दा व्यापक प्रचार भएको, सबभन्दा अन्तर्राष्ट्रिय उपज हो।’

(कम्युनिस्ट पार्टीको घोषणापत्र, भूमिका, पृ. १७)।

वैज्ञानिक समाजवादको लोकप्रियता केवल मजदुरमा मात्र थिएन, बरु विरोधी वर्ग पनि यो विचारबाट कायल थियो भन्ने चर्चा गर्दै लेनिनले लेख्नुभयो, ‘मार्क्सको विचारबारे जो संसारका सबै सभ्य देशहरूका मजदुर आन्दोलनका सिद्धान्त र कार्यक्रमका रूपमा आधुनिक भौतिकवाद तथा आधुनिक वैज्ञानिक समाजवादको समग्रता प्रस्तुत गर्दछ। विरोधीहरूसमेत स्वीकार गरिसकेको विलक्षण सुसङ्गतितथाक्रमबद्धताले हामीलाई यस कुराका लागि विश्वास गर्छ- हामी मार्क्सवादको मुख्य अन्तर्य अथवा मार्क्सको आर्थिक शिक्षालाई विवेचना गर्नुपूर्व उनको सामान्य विश्वदृष्टिकोणको सङ्क्षिप्त रूपरेखा प्रस्तुत गरौं’

(लेनिन, संकलित रचना, खण्ड ५, हिन्दी संस्करण, कार्ल मार्क्स, पृ. २६)।

कैयौं देशमा कम्युनिस्ट पार्टी खोल्न पनि दिइएन। वैज्ञानिक समाजवाद-साम्यवाद लोकप्रिय हुनुको मुख्य कारण आजसम्मको राजनीतिक व्यवस्थामा सबैभन्दा वैज्ञानिक र जनवादी हुनुले हो। कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले अनुसन्धान गरेपछि बुद्धिजीवीमा ल ा े क ि प ्र य रहेको साम्यवादी विचारधारा लेनिन, माओलगायत नेतृत्वमा वैज्ञानिक समाजवादी सत्ताहरू स्थापना भएपछि मानवजातिमै सबैभन्दा बढी लोकप्रिय बन्न पुग्यो। राजनीतिक दृष्टिले बीसौं शदीको अन्त्यतिर वैज्ञानिक

क्रमशः पृष्ठ ३ मा

वर्ष ४, अङ्क ९, पूर्णाङ्क १५५
रातो खबर साप्ताहिक

## सम्पादकीय

# अकर्मण्य सरकार

नेपालमा हरेक वर्ष बर्सात् लागेपछि धनजनको ठूलो क्षति हुने र जनजीवन नराम्रोसँग प्रभावित हुने गरेको छ । हरेक वर्षमा सधैँ बर्सात् आउँछ र सधैँ धनजनको क्षति गर्छ । पानी पर्नु, बाढी आउनु, पहिरो जानु स्वाभाविक कुरा हो तर सरकार र सम्बन्धित पक्ष उदासीन हुँदा जहिले पनि नसोचेको क्षति हुने गरेको छ । प्राकृतिक प्रकोपहरू हुन्छन्, ती टारेर टर्दैनन् तर त्यसबाट हुने क्षति भने रोक्न वा कम गर्न सकिन्छ । नदीकिनारमा बलियो तटबन्ध गरेर नदीकिनारका बासिन्दालाई बाढीको भेलबाट जोगाउन सकिन्छ । पहिरोमुनिका बस्तीहरू सारेर मानिसलाई पहिरोबाट जोगाउन सकिन्छ । तर सरकार र सम्बन्धित निकायहरू पूर्वसावधानी अपनाउनु त पै जाओस्, जनता विपत्‌मा परिसक्दा उद्धा गर्नसमेत तत्पर हुँदैनन् वा उदासी देखिन्छन् । त्यसैले अनावश्यक रुपमा धनजनको बढी क्षति हुने गरेको छ ।

केही दिनदेखिको अविरल वर्षाका कारण देशका विभिन्न ठाउँमा ठूलो धनजनको क्षति हुनुका साथै जनजीवन निकै प्रभावित भएको छ । वर्षापछि आएको बाढी र पहिरोको कारण देशका विभिन्न ठाउँमा मानिसहरूको मृत्यु भएको छ। शनिबारदेखिको अविरल वर्षा नरोकिएपछि तराई क्षेत्रको जनजीवन डुबानले प्रभावित भएको छ भने पहाडी क्षेत्रको जनजीवन पहिरोको चपेटामा परेको छ । यो अवधिमा बाढीपहिरोमा परी पन्ध्रभन्दा बढी सर्वसाधारणको ज्यान गइसकेको छ । कतिपय ठाउँमा मानिस अझै हराइरहेका छन् । तर उनीहरूको उद्धारका लागि सम्बन्धित निकाय त्यति सक्रिय हुन सकेको छैन । विवरणहरूअनुसार जाजरकोटको ठाँटी बजारमा गएको पहिरोमा परी एकै ठाउँमा ९ जनाको ज्यान गएको छ भने बोहोरागाउँमा १ जनाको ज्यान गएको छ । यस्तै बाँकेमा चारजनाको मृत्यु भएको छ भने रोल्पामा तीनजनाको मृत्यु भएको छ । दाङमा एकजनाको ज्यान गएको छ भने पर्सामा बाढीले बगाउँदा एकजनाको मृत्यु भएको छ । कैलालीमा घर भत्किँदा एकजना र सिन्धुलीमा एकजनाको मृत्यु भएको छ । काठमाडौँ, ललितपुर र भक्तपुरको जनजीवन पनि वर्षाले नराम्ररी प्रभावित गरेको छ । भक्तपुरको हनुमन्ते खोलाले बगाउँदा एकजनाको मृत्यु भएको छ । रोल्पामा लगातारको पानीपछि खसेको पहिरोमा परी एक सुत्केरीसहित तीनजना पुरिएका छन् ।

वर्षापछिको पानीले गर्दा तराई क्षेत्र अत्यधिक प्रभावित भएको छ । पूर्वमा मोरङको विराटनगर, सुनसरीको इटहरी, जनकपुर, वीरगन्ज, पश्चिममा बाँकेको नेपालगन्ज, बर्दिया र कैलाली जिल्ला डुबानबाट बढी प्रभावित भएका छन् । त्यस क्षेत्रमा खोलाकिनारमा बस्नेहरू, त्रिपाल र साना झुपडीमा बस्नेहरू अत्यधिक मारमा परे । यस्तै राजधानी जोड्ने पृथ्वी राजमार्गको ठाउँठाउँमा पहिरो खस्दा सडक अवरुद्ध हुन पुग्यो भने कर्णाली राजमार्ग वर्षाकै कारण सञ्चालन हुन सकेको छैन । नारायणगढ-मुग्लिन सडकखण्डमा लगातार पहिरो खस्दा यात्रु घन्टौँ जाममा बस्नुपर्ने अवस्था छ । यस्तै अविरल वर्षासँगै नदीहरूमा पानीको बहाव निकै बढेर खतराको बिन्दुमा पुगेको छ । पूर्वको कोसी, पश्चिमका राप्ती, बबई र महाकाली नदी आसपासका बस्ती जोखिममा परेका छन् । देशभर मानिसहरू बाढीपहिरोको जोखिममा परेर जनधनको समेत क्षति हुँदा सरकार र सरोकारवाला निकाय भने मौन बसेका छन् । सरकारी निकायले निर्देशन दिनेबाहेक राहत र उद्धारका काममा तदारुकता देखाउन सकेको छैन । संसद्‌मा रहेका राजनीतिक दलका नेताहरू पनि बाढीपहिरोबाट देशैभरि भएको क्षतिका विषयमा बेखबरजस्तै देखिएका छन् । नदी र खोला क्षेत्र अतिक्रमण गर्नु, अव्यवस्थित सहरीकरण बढ्नु, नेपाललाई प्रत्यक्ष असर पर्ने गरी दक्षिणी सीमामा नहर बनाइनु, ब्यारेजहरू निर्माण गर्नुलगायत कारणले पनि बर्सेनि तराई क्षेत्रका जनताले सास्ती बेहोर्नुका साथै कयौँले ज्यानै गुमाउनु परेको छ । जनताका नाममा बनेको र नाममा कम्युनिस्ट पदावली झुन्ड्याएको सरकार कसरी पद जोगाउने र विद्रोहीहरूलाई कसरी दमन गरेर सिध्याउने तानाबाना बुन्नमै व्यस्त छ । यो सरकारलाई जनता पानीमा बगुन् कि पहिरोमा पुरिऊन्, केही मतलब छैन । यस्तो अवस्थामा धनजनको क्षतिलाई नियतिका रुपमा स्वीकार गरिरहनु उचित छैन । जनताप्रति जिम्मेवार व्यवस्था र सरकार नबनेसम्म जनताले यो नियति भोगिरहनुपर्ने बाध्यता छ ।

यो सरकार प्राकृतिक विपत्तिहरूबाट जनतालाई मुक्ति दिलाउन त परै जाओस्, सर्वसाधारण जनताको सुरक्षा गर्नसमेत सकिरहेको छैन । गएका केही साताभित्रै ठूलो सङ्ख्यामा बालिका र किशोरीदेखि महिलासम्मको बलात्कारपछि हत्या भएको छ भने राजधानीभित्रै निर्दोष बालकको अपहरणपछि हत्या गरिएको छ । सरकारी निकाय बहुमतको दम्भका कारण जनताको हितमा भन्दा अहङ्कार प्रदर्शन र दमनमै व्यस्त छ । देश र जनताले यसकिसिमका प्राकृतिक र आपराधिक विपत्ति भोगिरहँदा पनि कुम्भकर्णझैँ निदाइरहने सरकार र व्यवस्थाको विकल्प खोज्नु जनताको बाध्यता बनेको छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# क्षेत्रीय राजनीतिका परिदृश्यहरू

> अमेरिकाका मानवअधिकारवादी संस्थाहरुद्धारा "मोदी नो इन्ट्री यूएसए" को नारा लगाइएको थियो । तर त्यसपछिको मोदीको अमेरिकाका तीनवटा भ्रमणमा कुनै रोकावट वा विरोध भएको छैन । ती मानवअधिकारवादी कता हराए थाहा छैन । बरू प्रत्येकपटकका मोदीका भ्रमणहरु अघिका भन्दा बढी आत्मीय र भव्य स्वागतमय हुने गरेका छन् । गएको जुन ७ र ८ तारिखमा मोदीले गरेको अमेरिकाको भ्रमण, त्यो भ्रमणलाई दिइएको महत्व र गरिएको स्वागतले भारत-अमेरिकाका बीचमा नयाँ सम्बन्ध सुधारलाई उजागर गरेको थियो । तर डोनाल्ड ट्रम्प राष्ट्रपति भएपछि यस क्रममा ब्रेक लागेको छ ।



गुणराज लोहनी

**नजिकिएको अमेरिका–भारत**

भारतमा नरेन्द्र मोदी प्रधानमन्त्री भएको दुई वर्ष बित्दै गर्दा चारपटक अमेरिका पुगेका छन् । त्यसमा पनि दुईपटक उनी त्यहाँको केन्द्रीय राजधानी वासिङ्टन डिसी नै पुगे । पहिलोपटक मोदी अमेरिका जाँदै गर्दा उनी गुजरात राज्यको मुख्यमन्त्री हुँदा भएको नरसंहारकारी हत्याको विषयलाई अमेरिकाका मानवअधिकारवादी संस्थाहरूद्वारा 'मोदी नो इन्ट्री यूएसए' को नारा लगाइएको थियो । तर त्यसपछिको मोदीको अमेरिकाका तीनवटा भ्रमणमा कुनै रोकावट वा विरोध भएको छैन । ती मानवअधिकारवादी कता हराए थाहा छैन । बरु प्रत्येकपटकका मोदीका भ्रमणहरू अघिका भन्दा बढी आत्मीय र भव्य स्वागतमय हुने गरेका छन् । गएको जुन ७ र ८ तारिखमा मोदीले गरेको अमेरिकाको भ्रमण, त्यो भ्रमणलाई दिइएको महत्व र गरिएको स्वागतले भारत-अमेरिकाका बीचमा नयाँ सम्बन्ध सुधारलाई उजागर गरेको थियो । तर डोनाल्ड ट्रम्प राष्ट्रपति भएपछि यस क्रममा ब्रेक लागेको छ । ओबामा र मोदीका बीचमा भएको हस्ताक्षरमा उल्लेख थियो- 'भारतमा छवटा आणविक भट्टीको तयारीको सुरुआतलाई मङ्गलबार स्वागत, सन् २०१७ सम्ममा अमेरिकाको आयात र निर्यातलाई बैङ्कमार्फत गर्ने ।' यसले भारत-अमेरिकाबीचको पछिल्लो सामीप्य केवल अर्थ वा वित्तीय मात्र नभएर राजनीतिक, रणनीतिक, सामरिक र दीर्घकालीन महत्वको विषयसँग पनि सम्बन्धित रहेको प्रस्ट बुझ्न सकिन्छ । अमेरिका र भारतको पछिल्लो सम्बन्ध सुधारले एसिया क्षेत्रको राजनीतिमा प्रभाव पार्नेछ । प्रभाव पारिरहेको सङ्केतहरू पनि देखिएको थियो । तर पछिल्लो क्रममा यस्ता सहमतिहरू भैराखेका छैनन् । यद्यपि गत जुलाईमा व्यापार सम्झौता भएको छ। त्यसले चीन र भारतबीच बढ्दै गएको सामीप्यलाई झस्काउने रणनीति मात्र देखिन्छ ।

**पुराना मित्रहरूसँग टाढिँदै भारत**

पचासको दशकमा जब विश्व शीतयुद्धमा प्रवेश गरेको थियो : दुई ध्रुव सोभियत सङ्घ र अमेरिकामा विभाजित थियो । यी दुई ध्रुव वार्सा र नाटोका रूपमा लामो समयसम्म अस्तित्वमा रहेको थियो । त्यस समयमा अविकसित राष्ट्रहरू कमरेड माओको भनाइमा तेस्रो विश्व भनेर चिनिएको थियो । ती देशका प्रमुखहरूले वार्सा र नेटो दुवैमा नलाग्ने बरु तटस्थ समूह निर्माण गर्ने उद्देश्यसहित सन् १९५५ मा इन्डोनेसियाको वान्डुङमा सम्मेलन गरेर गुटनिरपेक्ष राष्ट्रहरूको सङ्गठन बनाएका थिए । उक्त सङ्गठन निर्माण हुँदै गर्दा सन् १९६१ मा बेल्ग्रेडमा भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू, इन्डोनेसियाका राष्ट्रपति सुकार्नो, इजिप्टका राष्ट्रपति जमलअब्देल नसार, घानाका राष्ट्रपति क्वामे निक्रुमाह र युगोस्लाभियाका राष्ट्रपति जोसेफ ब्रोज टिटो संस्थापकका रूपमा उपस्थित थिए । चिनियाँ कम्युनिस्ट पार्टी र सोभियत सङ्घको बोल्सेबिक पार्टीका बीचमा महान् बहस चलिरहेको थियो । सोभियत सङ्घलाई ख्रुस्चेबले शान्तिपूर्ण सङ्क्रमणको बाटोमा प्रवेश गराइसकेका थिए । त्यसैले चीन पनि सोभियत सङ्घको ध्रुवतिर नलागेर तटस्थ समूहतिर सङ्गठित हुन पुगेको थियो । तटस्थता समूहमा लागेको भए पनि भारतको सामीप्य तत्कालीन सोभियत सङ्घसँग थियो । भारतमा काङ्ग्रेस आई पार्टीले लामो समय शासन गऱ्यो । त्यस समयमा भारत घोषित रूपमा गुटनिरपेक्ष तर भित्र भने तत्कालीन समाजवादी सोभियत सङ्घको ध्रुवमा उभिएको थियो । सिनो-भारत युद्धका नामले चिनिएको चीन र भारतको हिमालय क्षेत्रको सिमानालाई लिएर सन् १९६२ मा सैन्य भिडन्त भएको थियो । त्यस समयदेखि भारत-चीनबीचको सम्बन्ध सुमधुर हुन सकेको थिएन । यसबीचमा सोभियत सङ्घको विघटन भयो ।

तर सोभियत सङ्घको विघटनपछि एकल ध्रुवीय साम्राज्य फैलाइरहेको अमेरिकाको दादागिरी, दक्षिणएसियामा अमेरिका-पाकिस्तानको बढ्दो हिमचिम, अमेरिकी अर्थतन्त्रको विश्वमा बोलवाला, मुस्लिम राष्ट्रहरूमाथि अमेरिकाको नेतृत्वमा आक्रमणका कारण र मूल रूपमा दक्षिणएसियाको परिवेशसँग जोडिएर चीन र भारत नजिकिन पुगेका थिए । उनीहरू बिचमा सम्बन्ध सुधार गर्ने उत्प्रेरकको भूमिका रुसले निर्वाह गरेको थियो । यसै परिवेशमा सन् २००९ मा ब्राजिल, रुस, भारत र चीन मिलेर विशुद्ध आर्थिक मुद्दालाई लिएर ब्रिकको स्थापना गरेका थिए । त्यसमा पछि दक्षिणअफ्रिका सामेल

g]kfndf xfdLn]Psls[t hgqmfGtsf] sfo{bzfadf]hd qmfGt ;kmn kfg{eg]sf 5f}F To; }h]klg oxfF]Ifq]Lo /fhgLltnfO{ ;xL tl/sfn]a‰g h?/L 5 . ;fy}of] /fhgLltdf d}bfg df/]\ v]Ng l;kfn /xgk5{. g]kfn ;fgf] yf]\}hg ;ª\Vof, cljsl;t, kl|s[ts ;fwg ;[|tsf] b?kofu] ePsf]eP klg blIf0fPl;ofsf] /fhgLltdf 7nf]kef] kfg{efu}ns cjl:yltdf 5 .

हुन पुगेको थियो । यसरी ब्रिक ब्रिक्स विश्व अर्थतन्त्रमा अमेरिकाको एकाधिकारलाई तोड्न स्थापना गरिएको थियो । गुटनिरपेक्ष समूहमा एकै ठाउँमा रहेका चीन र भारत फेरि ब्रिक्समा सहकार्यमा पुगेका थिए ।

१६ जुन, २००९ मा रुसको यकाटेरिनबर्गमा भएको ब्रिक्सको पहिलो सम्मेलनमा रुसका तत्कालीन राष्ट्रपति दिमित्री मेड्वेडेव, ब्राजिलका लुइसइनकियो लुला डा सिल्भा, भारतका प्रधानमन्त्री मनमोहन सिंह र चीनका राष्ट्रपति हु जिन्ताओ संस्थापकका रूपमा रहेका थिए । अहिले यिनी चारैजना र उनको पार्टी सरकार र सत्तामा छैनन् । रुस, चीन, दक्षिणअफ्रिकामा सरकार परिवर्तन भए पनि ब्रिक्समा प्रभाव पार्ने खालको सरकार परिवर्तन भएको छैन । तर ब्राजिल र भारतमा भएको सरकार परिवर्तनले ब्रिक्स नीतिमा प्रभाव पार्नसक्ने सम्भावना रहेको छ । मूल रूपमा भारतमा भएको सरकार परिवर्तनले ब्रिक्समा मात्र नभएर दक्षिणएसियाको राजनीतिमा प्रभाव पारिराखेको छ ।

लामो समय लगाएर सुधारिएको चीन र भारतको सम्बन्ध किन बिग्रिँदै गएको छ ? अमेरिका र भारत आवश्यकताभन्दा बढी किन नजिकिएका छन् ? त्यसले दक्षिणएसियाको भूराजनीतिमा के असर पर्दैछ ? यी तीनवटा प्रश्न जटिल भएर आएका छन् । कोन्डालिजा राइट्सको व्यावसायिक साझेदार र सहसंस्थापक भएर दक्षिणएसियाको विभागमा बसेर काम गरिसकेकी अन्जा मानुअलले एउटा अन्तर्वार्तामा भनेकी छिन्, 'भारत र संयुक्त राज्य बेइजिङमाथि एकअर्काका काँधमा काँध मिलाएर हेरिरहेका छन् ।' उनले भनेकी छिन्, 'चीनसँग भारतका असन्तुष्टिहरू रहेका छन् ।' उनको भनाइमा चीनसँग भारतका स्पष्ट पाँचवटा असन्तुष्टि रहेका छन् । उनको भनाइमा :

क) अरू देशहरूको समर्थन हुँदाहुँदै पनि चीनले भारतलाई संयुक्त राष्ट्रसङ्घको सुरक्षापरिषद्‌को स्थायी सदस्य अस्वीकार गरिदियो ।

ख) भारतले पाकिस्तानी आतङ्कवादी समूहहरू जैसे-ए-मोहम्मद र मबसुर अजहरका विरुद्ध संयुक्त राष्ट्रसङ्घमा दर्ता गरेका बुँदाहरूलाई प्राविधिक भनी चीनले रोकिदिएको थियो ।

ग) चीनले आणविक आपूर्ति समूहहरूमा भारतको प्रवेश पाकिस्तानले पनि पाए मात्र दिने भनी रोकिदिएको थियो ।

घ) भारत र पाकिस्तानका बीचमा विवादित कस्मिरमा चीनले राजमार्ग र अन्य भौतिक पूर्वाधार निर्माणमा बृहत् लगानी गरिरहेको छ ।

ङ) चीन जसले पाकिस्तानलाई आणविक र क्षेप्यास्त्रको विकासमा सहयोग गऱ्यो । ऊसँगको बलियो सैन्य सहयोगलाई निरन्तरता थियो ।

जर्जियाका प्राविधिक इन्स्टिच्युट, एटलान्टा तथा प्रोफेसर जोन गार्वियरले अमेरिका र भारतबीचको सामीप्य बढ्नुको कारण यसरी स्पष्ट पार्दछन्, 'अवश्य पनि, चीनको उदाउँदो अवस्था भारत-अमेरिकाबीचको सहकार्य बढ्नुको एउटा कारण हो । चीनको सैन्य शक्तिमा तीव्र वृद्धि भएको छ ।'

चीनले कसरी आफ्नो बढ्दो सैन्य शक्ति प्रयोग गर्छ भन्नेमा चीनवरिपरि, पूर्वी चीन सागरका देशहरू र स्वयम् अमेरिका पनि सशङ्कित छ । तर भारत आफैँले पनि विवादित र अनिश्चित सिमाना र अरू सुरक्षासम्बन्धी मुद्दा, इस्लामाबाद र बेइजिङका बीचमा भएको सैन्य-अर्थ-राजनीति सहकार्यमा भएको वृद्धिको सामना गरेको छ । यी तथ्यहरूलाई हार्वर्ड विश्वविद्यालयका प्रोफेसर तथा राजनीतिक विभागमा पूर्वउपसचिव निकोलस बर्न्स भन्छन्, 'हाम्रो भारतसँग सधैँ हार्दिक सम्बन्ध थियो तर अहिले हामी गहिरो, रणनीतिक साझेदार बनिरहेका छौँ ।' यो सहकार्यलाई लिएर चीनमा पसेको चिसोका बारेमा ग्रेवरले 'अमेरिका-जापान-अस्ट्रेलिया-भियतनामका बीचमा सहकार्य बढ्छ भन्ने डर चीनलाई छ' भनेका छन् ।

ब्रिक्सको संस्थापक र मुख्य केन्द्रमा रहेको रुस जो अप्रत्यक्ष रूपमा अमेरिकासँग युद्धमा नै छ । उसले पनि भारत र अमेरिकाबीचको पछिल्लो सम्बन्धलाई नियालिराखेको छ । आशङ्का पनि व्यक्त गरिराखेको छ । कमेजी इन्डोब्मेन्टका लागि अन्तर्राष्ट्रिय शान्ति मस्कोका प्रमुख डिमिट्री ट्रेनिन भारत र रुसबबीचको यसअघिको सम्बन्धमा देखिएका जटिलतालाई 'रुसले भारतको भूराजनीतिक अवस्था र उसको सुरक्षा आवश्यकतालाई स्वीकार गर्छ ।' 'त्यहाँ सामान्य विश्वास छ यद्यपि भारतको निर्णय ऊ आफैँ मालिक हो । जहाँसम्म त्यसलाई यथावत् राख्ने हो, रुस-भारतबीचको सम्बन्ध अक्षुण्ण राख्नेछ' भनी व्यक्त गरेका छन् ।

मानुअलले दक्षिणएसियाको सम्बन्धमा अमेरिका र भारतको समान दृष्टिकोण बन्दै जानु र मूल रूपमा चीनप्रतिको धारणा एउटै बन्नुको कारणबारे 'हिन्द सागरमा रहेको पनडुब्बी, एक क्षेत्र एक सडकको पहलकदमी-जस्ता धागोमा उनिएका मोतीलाई लिएर हाम्रा दुवै सरकारहरू चिन्तित छौँ', आफ्नो अन्तर्वार्तामा भनेकी छिन् । चीनले दक्षिणपश्चिम क्षेत्रमा सुरु गरेको मेघा प्रोजेक्ट एक क्षेत्र एक सडक (इलभ चयबम, इलभ द्यभति) जसलाई सिल्क रोड पनि भन्ने गरिएको छ त्यसबाट भारत र अमेरिका दुवै आवश्यकताभन्दा बढी त्रसित भएको देखिन्छ । अमेरिकामा भएको भ्रमणका क्रममा मोदीले सिल्क रोडहरू त्यति चिल्ला छैनन् (क्षपि चयबम बचभ ल्यत कय कययतज) भनी सार्वजनिक प्रतिक्रिया दिएका थिए ।

अमेरिका र भारतबीचमा भएको सम्बन्धलाई लिएर चीन पनि चिन्तित मात्र होइन, त्रसितसमेत छ । अमेरिकाले यसअघि नै दक्षिणकोरिया, फिलिपिन्स, ताइवान, अफगानिस्तानलाई आफ्नो पक्षमा ल्याइसकेको छ । पछिल्लो क्रममा भारत र भियतनामलाई पनि चीनलाई घेरा हाल्ने नीतिबमोजिम अनुकूलतामा ल्याएको छ । भारतमा भारतीय जनता पार्टीको सरकार र त्यसमा पनि नरेन्द्र मोदी प्रधानमन्त्री हुँदा सहज बन्न गएको छ । अमेरिकाले सधैँ भन्दै आएको छ नेपाललाई अमेरिकाले हेर्ने भारतीय आँखा नभएर आफ्नै छन् । तर व्यवहारमा त्यस्तो छैन । यसरी सानो देश, थोरै जनसङ्ख्या भएको भए पनि चीनसँग जोडिएको नेपाल दक्षिणएसियाको भूराजनीतिका लागि महत्वपूर्ण स्थानमा अवस्थित छ । नेपालमा पनि भारतीय हैकम यथावत् राख्ने वा त्यसलाई अझ बढाउने जस्तै अहिले नेपालको सूक्ष्म व्यवस्थापनमा भारत प्रवेश गरिसकेको चर्चा छ भने अमेरिकालाई झनै अनुकूलता हुन सक्छ ।

**चीनको बदलिँदो नीति**

त्यसो त भारतले मात्र विदेश नीतिमा फेरबदल ल्याएको छैन । चीनले पनि परिवर्तन गर्दै गएको छ । लामो समय अमेरिकासँग राम्रो सम्बन्ध रहेको पाकिस्तानसँग चीनले नयाँ सम्बन्ध कायम गरेको छ । चीनले नेपाललाई हेर्ने दृष्टिकोण पनि बिस्तारै

बाँकी पृष्ठ ३ मा

पृष्ठ १ बाट क्रमशः ...

# वैज्ञानिक समाजवाद–साम्यवादको लोकप्रियता

*bf];[]ljZjo4sf]cGTo;Fu}kj"{o/f]ksf * j6f kF"hjfbL dnsx¿df ;dfhjfb :yfkgf xg kUof]eg] ;g !($( df rLgdf gofF hgjfbL–j}1flgs ;dfhjfbL qmflGt ;kmn eof]. kl5 leotgfd, pQ/sf]l/of, Soaf cflb b]zx¿df klg ;dfhjfbL qmflGtx¿ eP / ;dfhjfbL ;Qfx¿ :yfkgf eP . ;g !(^) ;Dd kUbf ljZjsf]Psltxf0 eefu / cfwf hg;ªVofdf j}1flgs ;dfhjfb :yfkgf xg kUof]eg] j}1flgs ;dfhjfbsf]nf]slkbtf lgs}zlQmzfnL eP/ p7of]. o;n]dfgj hfltnf0{rDasn]h;/L cfslif{t u¥of].*

समाजवादी सत्ताहरूमा समस्या देखिए पनि यसको लोकप्रियतामा कुनै कमी आएको छैन । यतिबेला विश्वमा समाजवादी-साम्यवादी सभ्यता मन पराउने मानवको सङ्ख्या अर्बौंमा रहेको छ । बीबीसीको सर्वेक्षणअनुसार पनि मार्क्स एक हजार वर्षकै सबैभन्दा चर्चित व्यक्तित्व हुनुभयो । वैज्ञानिक समाजवादको लोकप्रियता आज जहाँ पुगेको छ यसको विकास दुई चरण भएर अगाडि आएको छ । यसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :


(क) विचारधारात्मक अनुसन्धान

(ख) क्रान्ति र वैज्ञानिक समाजवादी सत्ताको स्थापना

(क) विचारधारात्मक अनुसन्धान

वैज्ञानिक समाजवाद-साम्यवादको विचारधारात्मक अनुसन्धान धर्म र पुँजीले महारोगले जसरी गाँजेको समाजमा आफैंमा एक चुनौतीपूर्ण तर आदर्शमय विषय थियो । तर मार्क्स-एङ्गेल्सले यसलाई उपलब्ध वैज्ञानिक ज्ञान र तथ्यहरूको बलमा र आफ्नो मेधावी क्षमतालाई सिर्जनात्मक तरिकाले प्रयोग गर्दै अगाडि बढाउनुभयो र सुव्यवस्थित सिद्धान्तका रूपमा संश्लेषण गर्नुभयो । उहाँहरूको अनुसन्धान र संश्लेषण वैचारिक प्रतिस्पर्धामा प्रवेश गरेपछि पहिले युरोपमा र पछि अन्यत्र पनि लोकप्रिय हुन सुरु गर्‍यो । मार्क्स समाजवादी-साम्यवादी हुनुपूर्व विभिन्न दर्शन र राजनीतिको अध्ययनमा हुनुहुन्थ्यो । समाजमा विभिन्न विचारधाराहरूको प्रचार भइरहेका थिए । त्यसमध्ये हेगेलको द्वन्द्ववाद र फायरबाखको भौतिकवाद विशेष चर्चामा थिए । मार्क्सपहिले युवा हेगेलवादी हुनुहुन्थ्यो तर जब उहाँ फायरबाखको भौतिकवादसँग परिचित हुन पुग्नुभयो तब उहाँ हेगेलको 'भाववाद' सँग सम्बन्धविच्छेद गर्दै फायरबाखको समर्थक हुन पुग्नुभयो । अध्ययनका क्रममा उहाँले फायरबाखको भौतिकवाद पनि ' भाववाद' र 'जडवाद' भएको पाउनुभयो र त्यसलाई पनि त्याग्न पुग्नुभयो । सन् १८४३ मा कार्ल मार्क्सले समाजको अर्थसम्बन्धबारे नयाँ अध्ययन गर्दै 'अर्थशास्त्र र दर्शन' मा पुँजीवादको आलोचना लेख्नुभयो । त्यसमा उहाँले सर्वहारावर्गको उदयबारे चर्चा गर्दै पुँजीपतिवर्गविरुद्धको सत्ताको विश्लेषण दिनुभयो । त्यही समयमा एङ्गेल्सले पनि पुँजीवादी समाजसम्मको विकासको अध्ययन गर्दै सन् १८४४ मा 'पवित्र परिवार' लेख्नुभयो । यसमा उहाँले नयाँ समाजको परिकल्पना प्रस्तुत गर्नुभयो । सन् १८४४ मा एङ्गेल्स र मार्क्सको पेरिसमा भेट भयो । दुवैजनाको दृष्टिकोण मिलेपछि पूरै मेहनतका साथ नयाँ अध्ययनमा जुट्नुभयो । साथै गलत विचार हरूका विरुद्धमा सङ्घर्ष गर्नुभयो । सन् १८४७ मा भूमिगत रूपमा भएको कम्युनिस्ट लिगको लन्डन भेलाले मार्क्स-एङ्गेल्सलाई कम्युनिस्टको घोषणापत्र लेख्ने जिम्मा दियो । सोही निर्णयअनुरूप सन् १८४८ मा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले लेख्नुभएको कम्युनिस्ट पार्टीको घोषणापत्रलाई कम्युनिस्ट लिगले एक मतले पारित गर्‍यो । कम्युनिस्ट घोषणापत्रको भूमिकामा उल्लेख भएअनुसार घोषणापत्र एकैपटक ६ भाषामा प्रकाशित गरिएको थियो । कम्युनिस्ट घोषणापत्र प्रकाशित भएपछि वैज्ञानिक समाजवादी विचारधारा सुव्यवस्थित प्रकारले स्थापित भयो । कम्युनिस्ट पार्टीको प्रकाशन, प्रचार र बहसले वैज्ञानिक समाजवाद सर्वहारा श्रमिकवर्गका बीचमा मात्र होइन, बौद्धिक समुदायका बीचमा पनि व्यापक रूपले लोकप्रिय हुन पुग्यो ।

सन् १८६४ मा मार्क्सको नेतृत्वमा पहिलो अन्तर्राष्ट्रिय गठन भएपछि वैज्ञानिक समाजवादले युरोप र अमेरिकामा अरू स्थापित हुने मौका प्राप्त गर्‍यो । सन् १८६७ मा मार्क्सको महान् कृति 'पुँजी' प्रकाशन भएपछि पुँजीवादी दुनियाँमा अझ ठूलो धक्का पुग्यो । अर्थशास्त्रमा गरिएको व्यापक अध्ययन र नयाँ अनुसन्धानले पुँजीवादको अन्त्य र साम्यवादी युगको आगमनलाई तथ्यहरूसहित स्पष्ट गर्‍यो । सन् १८७१ मा पेरिस कम्युनले पुँजीवादी सत्तालाई परास्त गर्दै सर्वहारावर्गीय सत्ता स्थापना गरेपछि यो विचारधारा श्रमिकवर्ग र आमनागरिकहरूका बीचमा अरू लोकप्रिय हुन पुग्यो । पेरिस कम्युनले छोटो अवधिमा गरेका राजनीतिक, आर्थिक, सामाजिक कार्यले सर्वहारा राज्यसत्ता पुँजीवादी सत्ताभन्दा कैयौँगुणा जनवादी, प्रगतिशील, क्रान्तिकारी र वैज्ञानिक छ भन्ने साबित गर्‍यो । मार्क्सको मृत्युपछि उहाँका अनन्य कमरेड एङ्गेल्सले सन् १८८९ मा दोस्रो अन्तर्राष्ट्रिय गठन गर्नुभयो । दोस्रो अन्तर्राष्ट्रियले पनि एङ्गेल्सको नेतृत्वमा वैज्ञानिक समाजवादलाई विश्वव्यापी बनाउन र यसको वैज्ञानिकतालाई स्थापित गर्न धेरै मेहनत गर्‍यो । एङ्गेल्सको समयमा मार्क्सका पुँजीलगायत थप पुस्तकहरू प्रकाशन गर्ने, कम्युनिस्ट पार्टी र मजदुर सङ्गठनहरू विस्तार गर्ने कार्यहरू भए । सन् १८९५ मा कमरेड एङ्गेल्सको निधन भएपछि एउटा अवधिसम्म दोस्रो अन्तर्राष्ट्रियले कम्युनिस्ट विचारलाई फैलाउन राम्रो भूमिका पूरा गर्‍यो तर युरोपमा वर्गसङ्घर्षले चर्को रूप लिन थालेपछि यो अलमलमा पर्दै अवसरवादी मार्ग लिन पुग्यो । त्यसपछि मार्क्स-एङ्गेल्सको विचारलाई कमरेड लेनिनहरूले पकड्नुभयो । कमरेड लेनिनले मार्क्स-एङ्गेल्सको वैज्ञानिक दृष्टिकोण र सिद्धान्तमा उभिएर वैज्ञानिक समाजवादलाई व्यावहारिक प्रयोगको मैदानमा प्रवेश गराउनुभयो । उहाँले मार्क्सवादलाई नै मुकुन्डो बनाएर वैज्ञानिक समाजवादी-साम्यवादी आन्दोलनलाई पथभ्रष्ट गर्न आएका 'संशोधनवाद', 'सामाजिक अन्धराष्ट्रवाद', 'विसर्जनवाद', 'संसद्‌वाद' सँग कठोर सङ्घर्ष सञ्चालन गरेर वैज्ञानिक समाजवादलाई थप विकास र रक्षा गर्नुभयो । लेनिनका यी सङ्घर्ष र विकासले साम्यवादी विचारधारालाई विश्वमा लोकप्रिय बनाउन निकै मद्दत पुर्‍यायो । लेनिनपछि माओले कैयौँ नयाँ विचार वैज्ञानिक समाजवाद-साम्यवादमा गर्नुभयो । माओको विशिष्ट विचारमा महान् 'सर्वहारा सांस्कृतिक क्रान्ति' लाई मानिन्छ जसले वैज्ञानिक समाजवादभित्र पैदा हुने गैरसाम्यवादी विचार र प्रवृत्तिहरूलाई समाधान गर्न सघाउँछ । आज हामी देख्छौं, वैज्ञानिक साम्यवादी विचारधारा विश्वमा कसैले पनि चुनौती दिन नसक्ने विचारका रूपमा स्थापित रहेको छ । सिङ्गो मानवजाति साम्यवादप्रति आशावादी छ ।




(ख) क्रान्ति र वैज्ञानिक समाजवादी सत्ताको स्थापना

वैज्ञानिक समाजवादको दोस्रो एवम् व्यावहारिक लोकप्रियता वैज्ञानिक समाजवादी क्रान्ति र सर्वहारावर्गीय सत्ताको सफलताद्वारा हासिल भयो । विचारधारात्मक रूपले वैज्ञानिक समाजवाद लोकप्रिय हुँदाहुँदै पनि राज्यव्यवस्थाका रूपमा स्थापना नभएसम्म कैयौँ बुर्जुवा बुद्धिजीवी र विश्लेषकहरूले यसलाई पनि काल्पनिक समाजवादकै स्थानमा राखेर हेरिरहेका थिए । कैयौँको तर्क थियो- समाजवाद सुन्नमा जति सुन्दर र उत्कृष्ट भए पनि यसको प्रयोग व्यावहारिक जीवनमा लागू हुन नसक्ने तर्क गरिरहेका थिए तर जब सन् १९१७ मा महान् अक्टोबर क्रान्ति सफल भयो र पहिलो वैज्ञानिक समाजवादी सत्ता स्थापना भयो; त्यसले वैज्ञानिक समाजवादको व्यावहारिकता र प्रयोगलाई मात्र साबित गरेन, विश्वव्यापी रूपमा व्यापक लोकप्रिय पनि बनायो ।

वैज्ञानिक समाजवादी-साम्यवादी सिद्धान्तले राज्यसत्ताका सन्दर्भमा केही निकै महत्वपूर्ण जनवादी, समानतावादी, मानवतावादी र उन्नत सभ्यताका मान्यता, नीति र कार्यक्रमहरू प्रस्तुत गरेको थियो । जस्तो कि पुँजीवादी सत्ताको अन्त्य गर्ने, शोषण, उत्पीडन, असमानताको अन्त्य गर्ने, वर्गहरूको अन्त्य गर्दै जाने, श्रमिकवर्गको सत्ता निर्माण गर्ने, समानतामूलक र समृद्ध जीवनको निर्माण गर्ने प्रस्तावहरू थिए । यी मान्यता, नीति र कार्यक्रमलाई सबैले दिलैदेखि मन पराए पनि कार्यान्वयन हुन सक्लान् कि नसक्लान् भन्ने द्विविधाको दृष्टिले हेरिरहेका थिए । बुर्जुवाहरूको तर्क थियो- यो सत्ता खोस्नका लागि मात्र भनिएको हो । सत्ता आएपछि लागू हुन सम्भव छैन । जब रुसमा लेनिनको नेतृत्वमा वैज्ञानिक समाजवादी क्रान्ति सम्पन्न भयो र सर्वहारावर्गीय सत्ता स्थापना भयो सबैले निकै गहिरो गरी नियाले । बुर्जुवाहरूको कुप्रचारविपरीत सोभियत सत्ताले मार्क्स-एङ्गेल्सले विकास गरेको सिद्धान्तअनुरूप आरम्भमै केही युग-प्रभावी निर्णय गर्‍यो । सोभियत सत्ताले पुँजीवादी सत्ता अन्त्य भएको र सर्वहारावर्गीय सत्ता स्थापना भएको घोषणा गर्‍यो, मजदुर-किसानहरूलाई ऋण मुक्त गर्‍यो, ठूला बैङ्कहरूलाई राष्ट्रियकरण गर्‍यो । रेल, यातायात, सूचना माध्यम र शिक्षालाई राष्ट्रियकरण गर्‍यो । जमिनदारी प्रथाको अन्त्य गरियो । हरेक उत्पीडित राष्ट्रलाई आत्मनिर्णयको अधिकारसहित सत्तामा पूर्ण अधिकार दियो । क्रान्तिपहिले पुरानो सत्ताले लिएका सबै ऋणहरू खारेज गर्‍यो । असमान सन्धिसम्झौताहरूलाई खारेज गरिने भयो । यी यस्ता निर्णयहरू थिए जसले वैज्ञानिक समाजवादी सत्ता विचारमा मात्र होइन, प्रयोग र अभ्यासमै नितान्त नयाँ हो भन्ने सन्देश दियो । यसले मार्क्सवादी सिद्धान्तलाई विचार र व्यवहार दुवै हिसाबले सफल तुल्यायो भने वैज्ञानिक समाजवादका विरुद्ध फैलाइएका सबै भ्रमहरूलाई एकै धक्कामा समाप्त गरिदियो । साथै वैज्ञानिक समाजवादी सत्ताको विश्वसनीयता र लोकप्रियता विश्वव्यापी रूपमा ह्वात्तै माथि उठ्न पुग्यो ।

अक्टोबर क्रान्ति र श्रमिकवर्गीय सत्ताको भावभूमिमा सन् १९१९ मा लेनिनको नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रिय गठन भयो । तेस्रो अन्तर्राष्ट्रियको पहिलो काङ्ग्रेसमा लेनिनले बुर्जुवा जनवाद र सर्वहारा अधिनायकत्वमाथि सिद्धान्त तथा प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यसमा स्पष्ट, खुल्ला र सुव्यवस्थित प्रकारले समाजवादी सत्ता र अन्तर्राष्ट्रियको कार्यभारबारे ऐतिहासिक महत्वका विचार प्रस्तुत गर्नुभयो । जसरी मार्क्सले कम्युनिस्ट घोषणापत्रमा ठोस विचार र कार्यक्रमहरू पेस गर्नुभएको थियो त्यसरी नै तेस्रो अन्तर्राष्ट्रियले पनि वैज्ञानिक समाजवादी क्रान्तिबारे आफ्ना धारणाहरू प्रस्तुत गर्‍यो । तेस्रो अन्तर्राष्ट्रियको गठन र यसले अगाडि सारेका कार्यक्रमले वैज्ञानिक समाजवादी-साम्यवादी विचारलाई तीव्रतामा विश्वभर फैलाउन निकै सहयोग पुर्‍यायो ।

दोस्रो विश्वयुद्धको अन्त्यसँगै पूर्वी युरोपका ८ वटा पुँजीवादी मुलुकहरूमा समाजवाद स्थापना हुन पुग्यो भने सन् १९४९ मा चीनमा नयाँ जनवादी-वैज्ञानिक समाजवादी क्रान्ति सफल भयो । पछि भियतनाम, उत्तरकोरिया, क्युबा आदि देशहरूमा पनि समाजवादी क्रान्तिहरू भए र समाजवादी सत्ताहरू स्थापना भए । सन् १९६० सम्म पुग्दा विश्वको एकतिहाइ भूभाग र आधा जनसङ्ख्यामा वैज्ञानिक समाजवाद स्थापना हुन पुग्यो भने वैज्ञानिक समाजवादको लोकप्रियता निकै शक्तिशाली भएर उठ्यो । यसले मानव जातिलाई चुम्बकले जसरी आकर्षित गर्‍यो । यसको लोकप्रियता कतिसम्म फैलियो भने पुँजीवादी पार्टीहरूले पनि आफूलाई सामाजिक जनवादीका रूपमा प्रस्तुत गर्नुपर्ने र राजनीतिक सिद्धान्तमा समाजवाद जोड्नुपर्ने बाध्यता देखापर्‍यो । ब्रिटेनको लेबर पार्टी, भारतका जवाहरलाल नेहरू, अफ्रिकाका नेल्सन मन्डेलाजस्ता पार्टी र नेताहरूले पनि समाजवादी खेमा समात्न पुगे । नेपालका बीपीले पनि काङ्ग्रेसलाई 'समाजवादी' सिद्धान्तअनुरूप बनाए । प्रायः सबै प्रगतिशील शक्ति र व्यक्तित्वहरूले वैज्ञानिक समाजवादलाई आउँदो युगका रूपमा स्वीकार गर्न पुगे ।

लेनिन-स्टालिन-माओको मृत्युपछि वैज्ञानिक समाजवादी सत्ताहरूले थुप्रै सङ्कट र असफलता भोग्नुपरे पनि वैज्ञानिक समाजवादी-साम्यवादी विचारधाराको लोकप्रियता घटेको छैन । कम्युनिस्ट सिद्धान्तलाई स्वीकार गर्नेको सङ्ख्यालाई नाप्ने हो भने अर्बको सङ्ख्याभन्दा कम छैन । आज कम्युनिस्ट पार्टी नभएको र कम्युनिस्ट साहित्य नपढिने कुनै देश छैन । विश्वभरि कम्युनिस्ट आन्दोलनका बारेमा नयाँ अध्ययन-अनुसन्धान भइरहेका छन् । पुँजीवादी सत्ताका विरुद्ध विद्रोहहरू सङ्गठित भइरहेका छन् वा हुने तयारीमा छन् । अनेक विरोध-अवरोध हुँदाहुँदै पनि वैज्ञानिक समाजवाद-साम्यवाद सबै उत्पीडित नागरिकलाई मुक्ति दिने र दुनियाँलाई शान्ति, स्थिरता र समृद्धितिर लैजाने विचारका रूपमा स्थापित बन्न पुगेको छ ।

## कथित मदन ...

बदलिँदै गएको देखिन्छ । माओको पालामा जब चीनले तटस्थताको नीति अवलम्बन गर्‍यो उसले नेपाल-भारतको सम्बन्धलाई द्विपक्षीय रहोस् भन्ने चाहेको थियो । चीन र भारतका बीचमा युद्ध हुँदै गर्दा पनि नेपाल र भारतको सम्बन्ध राम्रो रहोस् भन्ने अपेक्षा चीनको थियो । ज्ञानेन्द्रको शाहीकालप्रति नरम रहेको चीन २०६३ को राजनीतिक परिवर्तनपछि नेपाल-भारत-चीन त्रिपक्षीय रहोस् भन्ने आशयमा देखिन थालेको थियो । चीनको यो नीतिलाई भारतले रुचाएन । त्रिपक्षीय सम्बन्धलाई लिएर प्रचण्ड र बाबुरामले बेलामौकामा सार्वजनिक अभिव्यक्ति पनि दिने गरेका थिए । उनीहरूले नेपाल, चीन र भारतका बीचमा ट्रान्जिट हुन जरुरी छ भन्ने गर्दथे । यसमा चीन सहमत भएको देखन्थ्यो । तर नेपालमा संविधान निर्माण, मोदी सरकारको त्यसमा विमति, केपी ओलीको सरकार गठन, भारतीय नाकाबन्दीले भारतप्रति नेपाली जनताको असन्तुष्टिलाई चीनले नेपालसँगको सम्बन्ध नयाँ र आफ्नो अनुकूलतामा पुर्‍याउने अवसरका रूपमा प्रयोग गर्न चाहेको देखिन्छ । अब चीनले विगतका नीतिहरूलाई पुनर्मूल्याङ्कन गरेर विगतका द्वि वा त्रिपक्षीय नीतिलाई परित्याग गर्दै प्रत्यक्ष र सक्रिय रहेको सन्देश दिइरहेको छ । चीनको यो नीति नेपालका लागि मात्र नभएर दक्षिणएसियाका अन्य देशमा पनि छ । श्रीलङ्कामा उसले विकास र उद्योगका नाममा ठूलो धनराशि खन्याएको छ । वान बेल्ट, वान रोडको नीतिबमोजिम अफगानिस्तानसम्म सिल्क रोड पुर्‍याउँदैछ । त्यसका साथै यहाँका छिमेकी नेपाल, कहाँसम्म भने भारतमा नै पनि यातायातका माध्यमबाट सडक पुर्‍याउने नीति लिएको छ । यसका लागि उसले आकर्षणका रूपमा ३ सय ६१ किलोमिटर प्रतिघन्टा दौडने बुलेट ट्रेनलाई अघि सारेको छ ।

डोक्लाममा भारत युद्ध नगरी चीनसँग परास्त भएपछि सी जिङ पिङले मोदीलाई निश्चित आकार ल्याएको देखिन्छ । विगत २ वर्षमा सी र मोदीका बीचमा १४ पटक भेट भैसकेको छ । उनीहरूको यस्तो नियमित र लगातारको भेटघाटको पछाडि केही कुरा लुकेको बताइएको छ । सुरुका दिनमा मोदी र ट्रम्पका बीचमा सद्भाव देखिए पनि अमेरिकाप्रति भारत त्यति विश्वस्त हुन नसकेको देखिन्छ । यद्यपि भर्खर मात्रै भारत र अमेरिकाबीच एउटा सम्झौता भएको छ । यसको परिणाम आउन बाँकी छ । तर पनि दक्षिणएसियाको जनसङ्ख्या, बजार र चीन र अमेरिकाबीच सुरु भएको व्यापार युद्धका कारण चीन र भारतका बीचमा अर्को एउटा सहमति हुने सम्भावना रहेको छ । त्यसलाई उनीहरूले दुई जोड एकको संज्ञा दिएका छन् । उनीहरूका बीचमा यो सहमति भयो भने दक्षिणएसियामा मात्र नभएर विश्व राजनीतिमा नै नयाँ परिदृश्य देख्न पाइनेछ ।

### एसिया र नेपालमा परिरहेको प्रभाव

विस्फोटको मुखमा बसेको चीन सागरको द्वन्द्व, त्यसमा अमेरिकाले भरिरहेको इन्धन, यहाँका अन्य देशमा त्यसले पारिरहेको प्रभाव रोकिएको छैन । चीनको आर्थिक वृद्धि र विकासको विस्तारलाई अमेरिका र भारतको गठबन्धनले थेग्न सकिराखेको देखिँदैन । चीनले तिब्बतमा झेलिरहेको समस्यालाई भारतसँगको आर्थिक सम्बन्ध त्यसमा पनि व्यापारका माध्यमबाट न्यूनीकरण गर्न खोजेको थियो । यसलाई ट्रम्पलाई चीनले छाडिहालेको छैन । तर उसले धेरै आशाको रूपमा हेरिरहेको छ । मूलतः नरेन्द्र मोदीको ओबामासँग बढी नै साँठगाँठले ऊ त्रसित हुन पुगेको छ । अमेरिकाको चीन घेरा हाल्ने नीतिमा भारत नेपालसँग जोडेर र दक्षिणएसियमा चीनको बढ्दो प्रभावलाई लिएर सहमत भएको देखिन्छ । यसले गर्दा अहिले नेपालमा विश्वको सबैभन्दा वैभव भनेर चिनिएको, सबैभन्दा ठूलो शक्तिशाली सैन्यशक्ति, साम्राज्यवादी भनेर चिनिएको अमेरिका, सबैभन्दा ठूलो अर्थतन्त्र भएको, तीव्र विकास भएको चीन र भारतको प्रत्यक्ष वा अप्रत्यक्ष खेल मैदान नेपाल हुन पुगेको छ । अझ नेपाली आकाशमा स्थिर रहेको भूउपग्रहबाट निर्देशन, नियन्त्रण, निरीक्षण र नियमन गरिराखेका छन् । तर यहाँको सत्ता पूर्ण बेखबरजस्तो छ ।

भौगोलिक रूपमा सानो, जनसङ्ख्या थोरै, अविकसित राष्ट्र हुँदैमा अन्तर्राष्ट्रिय राजनीतिमा उसको भूमिका हुँदैन भन्ने कुरा गलत भएका धेरै दृष्टान्त छन् । नेपाल ठ्याक्कै त्यही भूमिकामा उभिन पुगेको छ । भूगोल, जनसङ्ख्या र आर्थिक वृद्धिमा ठूलो भिन्नता भए पनि चीन र भारतको बीचमा रहेको नेपाल अहिले क्षेत्रीय राजनीतिको हिसाबले असाध्यै महत्वपूर्ण स्थानमा रहेको छ । क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका लागि यो नयाँ विशेषता भएर देखापरेको छ । हुनत यो विशेषता यसअघि पनि नरहेको होइन । विगतमा नेपालमा भएका प्रत्येक राजनीतिक आन्दोलनमा पनि यो विशेषतालाई समेट्न सकिन्थ्यो । तर त्यस समयका मुख्य नेताहरूले यसलाई उपयोग गर्न सकेनन् वा बुझेनन् । उनीहरूले छिमेकी वा मित्र राष्ट्रहरूको सहयोग लिने नाममा आत्मसमर्पण पुगेका थिए । उनीहरूले छिमेकीहरूका बीचमा समदूरी राखेनन् । अति सम्बन्धको नीति लागू गरे । यसले गर्दा भारतजस्तो देशका शासकले विगतका आन्दोलनलाई मुठीको माखा बनाउन पुगे । चीनसँग सधैँ टाढा रहे । त्यसले गर्दा विगतका सबै आन्दोलनहरूमा चीन सधैँ सशङ्कित मात्र बन्न पुगेको थियो ।

नेपालमा हामीले एकीकृत जनक्रान्तिको कार्यदिशाबमोजिम क्रान्ति सफल पार्ने भनेका छौँ । त्यसैले पनि यहाँको क्षेत्रीय राजनीतिलाई सही तरिकाले बुझ्न जरुरी छ । साथै यो राजनीतिमा मैदान मारेर खेल्न सिपालु रहनुपर्छ । नेपाल सानो, थोरै जनसङ्ख्या, अविकसित, प्राकृतिक साधनस्रोतको दुरुपयोग भएको भए पनि दक्षिणएसियाको राजनीतिमा ठूलो प्रभाव पार्ने भौगोलिक अवस्थितिमा छ । यस क्षेत्रमा चीन, उत्तरकोरिया, भारत, पाकिस्तानजस्ता देशहरू आणविक हतियार वा आणविक ऊर्जाद्वारा सुसज्जित छन् । अमेरिकासँग भारतको सामीप्य यसै कारणले बढेको हो । जोसँग जति बढी र भरपर्दो आणविक हतियार वा ऊर्जा हुन्छ त्यत्ति नै बलियो हुन्छ भन्ने भारतलाई परेको छ । आणविक हतियार र ऊर्जाको माध्यमबाट दक्षिणएसियाका अन्य देशमा ध्वाँस कायम गर्न सकिन्छ र चीनलाई नियन्त्रण गर्न सकिन्छ भन्ने भ्रम भारतलाई परेको छ । विश्वमा अहिले यही आणविक हतियार र ऊर्जाले युद्धलाई नजिक बनाएको साथै युद्धलाई रोकेको पनि छ । एसिया पनि यो प्रवृत्तिबाट अछुतो रहेको छैन ।

एकीकृत जनक्रान्तिका विशेषताहरूमध्येको एउटा नेपालको भूबनावट पनि हो । अहिले यस क्षेत्रको राजनीति र त्यसले नेपाललाई पारिरहेको प्रभावको अध्ययनले छिमेकी राष्ट्रहरूसँग समदूरीको सम्बन्ध, टाढाका मित्रराष्ट्रहरूसँग समदूरी र विचारका आधारमा सामीप्य कायम राख्ने नीति नै सही छ । यसैका आधारमा सम्बन्ध वा सङ्घर्षलाई निर्णयात्मक बनाउँछ । यस्तो परिस्थितिमा यहाँ देखिएका नयाँ विशेषतालाई लिएर जनवादी क्रान्ति गर्दै समाजवाद हुँदै साम्यवादसम्म पुग्नका लागि रणनीतिक र सामरिक आधारहरूलाई पकड्न जरुरी छ । अहिले यस क्षेत्रमा देखिएको राजनीतिक परिस्थितिलाई बुझेर कार्ययोजना निर्माण गर्न जरुरी छ । यो अहिले हेर्दा भीमकाय देखापरेको छ । नसुल्झने गरी गुजुल्टिएको जस्तो भए पनि वास्तवमा भीमकाय छैन । नसुल्झिने पनि होइन । हामीले सुल्झाउनुपर्छ । यसका लागि एकीकृत जनक्रान्तिको कार्यदिशालाई दह्रोसँग समात्नुपर्छ ।

# एकीकृत जनक्रान्ति र ट्रेड युनियन



विजयराज प्यासी

**१. भूमिका**

श्रमिकका राजनीतिक अधिकार र पेसागत हकहितका लागि लामो समयदेखि आन्दोलित हुँदै विभिन्नखाले सङ्घसङ्गठन आइरहेका छन् । यति बेला कुनै सङ्गठन सामाजिक दलाल पुँजीवादी संसदीय व्यवस्थाको पुच्छर समाउँदै सुधारवादी चिन्तनबाट ग्रस्त भएर उनीहरूकै उक्साहटमा मजदुरहरूलाई चक्लेटमा बीस खुवाएर सदाका लागि प्यारालाइसिस बनाउन खोजिरहेका छन् । हामी मजदुरलाई विषादीयुक्त चक्लेट भएको जानकारी गराउँदै चक्लेट बनाउने कम्पनी नै ध्वस्त पार्न लामबद्ध भएका छौँ । हामी लाखौँलाख मजदुरका गाँस, बास, कपाससँग सम्बन्धित अधिकारलाई राजनीतिक सम्बोधन हुने व्यवस्था निर्माणमा जुटिरहेका छौँ । यस्तो अवस्थामा मजदुरका ट्रेड युनियन अधिकारलाई व्यवस्थित तबरबाट न्यूनतम सुरक्षाको प्रत्याभूतिका लागि प्रतिनिधिमूलक संस्थामा सङ्गठित भई सामूहिक सौदाबाजीको माध्यमबाट न्यूनतम् आधारभूत अधिकारको संरक्षण गर्ने अवधारणाको विकासका लागि आवाज घन्काइरहेका छौँ । तर विडम्बना ! आफूलाई लोकतान्त्रिक सरकार भन्ने सामाजिक दलाल सत्ताले सङ्गठित भएर आफ्ना मुद्दालाई सामाजिक सौदाबाजीमार्फत हल गर्ने अधिकारमाथि प्रतिबन्ध लगाउँदै आफूले बनाएको कानुनको उल्लङ्घन गर्दै मजदुरमाथि हथकडी लगाएर पेसागत आवाज बन्द गराइरहेको छ । यस्तो कार्यले मजदुरपक्षीय सत्ता अनिवार्य आवश्यक भएको पुष्टि भैरहेको छ । पेसागत अधिकारको ग्यारेन्टी गर्ने हावा चलाउँदै केही सिन्डिकेटवाला ट्रेड युनियनहरू कस्सिरहेका छन् । हायर एन्ड फायर, नो वर्क नो पे, ज्यालादारी, करारप्रथा र कानुनी रूपमै बिचौलिया दलाल घुसाएर मजदुरको रगतपसिना लुट्ने, खुलमखुला सम्झौता गर्दै मजदुरपक्षीय नियम बनाएको हल्ला गर्दै हिँडिरहेका छन् । उनीहरू आफूलाई ठूला ट्रेड युनियन भएको भन्दै कस्सिने गरेका छन् । औद्योगिक क्रान्तिको हावा फैलाउँदै पुँजीपतिहरूले परिकल्पना गरेको बढी उत्पादन, बढी श्रम र बढी प्रतिफलको उत्पादनमुखी नयाँ मान्यताको पृष्ठभूमिमा औद्योगिक प्रतिष्ठानका कामदारहरू धेरै कार्यअवधि, न्यूनतम् वेतन, बालमजदुर, असुरक्षित र अस्वस्थ कार्य वातावरणजस्ता न्यूनतम् आधारभूत समस्याहरूबाट ग्रसित हुन पुगेका छन् । यस परिवर्तित सन्दर्भमा श्रमको मूल्य र पेसागत सुरक्षा श्रमिकहरूको सरोकारको विषय बनाउनुको सट्टा पुँजीवादीहरूसगको मिलीभगतमा मजदुरमाथि सत्ताको बलमा दमन गरी एकल ट्रेड युनियनको परिकल्पना गर्नुले र फूटको खेती गरेर दमनकारी नीतिको वाकलत गर्दै पेसागत अधिकारका कुरा गरिएकाले पनि पेसागत आवाज उठाउँदै सत्ता निर्माणका लागि जुट्नुपर्ने भएको हो ।

**२. सामूहिक सौदाबाजी र राजनीतिक अधिकार**

सबै क्षेत्रमा कार्यरत श्रमिकको राजनीतिक अधिकार संरक्षणका लागि क्रान्तिकारी अभियानबाट सुरु भएको यो प्रयास वर्तमान समयमा आइपुग्दा ट्रेड युनियन श्रमिक, कामदारको दायरामा मात्र सीमित नभै सङ्गठित वा असङ्गठित अन्य गैरऔद्योगिक क्षेत्रमा कार्यरत पेसागत समूहका पेसागत हकहित संरक्षणको संयन्त्र र राजनीतिक अधिकारका रूपमा स्थापित भैसकेको छ

यसरी ट्रेड युनियनको विषय अब श्रमिक, कामदारको दायरामा मात्र सीमित रहेको छैन भने यो विषय सङ्गठित हुने अधिकारका रूपमा मात्र नभएर अधिकार प्राप्तिको संयन्त्र (सामूहिक सौदाबाजी) सहितको ट्रेड युनियनका रूपमा लक्षित हुने गरेको छ । यसैले ट्रेड युनियनको अवधारणाभित्र ट्रेड युनियन (सङ्गठित हुने अधिकार) र सामूहिक सौदाबाजी (विधिवत् र प्रक्रियागत रूपमा अधिकार प्राप्तिको संयन्त्र) पर्ने गर्दछन् । यस विषयमा गम्भीर हुन जरुरी छ । सामाजिक सौदाबाजीको नाममा अकुत सम्पत्ति कमाउने र मजदुर लुट्ने कार्य भइरहेछ छ । त्यसका विरुद्धमा आवाज उठाउँदा प्रतिबन्ध लगाउने मजदुरले दिएको अधिकारमाथि सामाजिक दलाल पुँजीवादी संसदीय सत्ताले नै न्यायिक अधिकारमाथि हस्तक्षेप गरिरहेको छ । त्यसैले मजदुरको मात्र विषय होइन, यो आमजनताको विषय बनिरहेको छ र यति बेला हामी आमजनताको सत्ता निर्माणका लागि संसदीय व्यवस्थाका विरुद्धमा वैज्ञानिक समाजवादी व्यवस्थाका लागि लाम लाग्नुपर्ने अवस्था आएको छ । यतिखेर हामी क्रान्तिकारी ट्रेड युनियनहरूसँग मोर्चाबन्दी गरिरहेका छौँ । मुख्य त सबै ट्रेड युनियनका आफ्नै खालका उद्देश्यहरू हुने गर्छन् जसमा हामी हाम्रा मुद्दा मिल्लेसँग साझा मुद्दा बनाएर लागिरहेका छौँ । सुधारवाद, ट्रेड युनियनवाद र अर्थवादका विरुद्ध उभिने र जनपक्षीय सत्ता निर्माणका लागि हातेमालो गरेर हामी अगाडि बढ्नेछौँ । मूलतः मजदुरलाई सामूहिक सौदाबाजीका नाममा चक्लेट देखाएर लोभ्याउने र सदाका लागि पुँजीवादी सत्ता टिकाउने खेलको भण्डाफोर गर्दै सत्ता निर्माणको आन्दोलनमा पेसागत आन्दोलन जोड्न आवश्यक छ । पेसागत मुद्दाभन्दा माथि उठेर हामी सदाका लागि मुक्त हुने अभियान चलाउन हामी लागिपरिरहेका छौँ । राजनीतिक अधिकारबिनाको सामूहिक सौदाबाजीले कुनै पनि अधिकार प्राप्त हुन सक्तैन ।





**३ ट्रेड युनियन र पुँजीवाद**

ट्रेड युनियनको प्रयोग नेपालमा २००६ सालदेखि विधिवत् रूपमा प्रयोग हुन थालेको देखिन्छ । हुनत राजनीतिक उद्देश्य प्राप्त गर्दै आफ्नो सत्ता निर्माणका लागि मजदुरहरू सङ्गठित भएका थिए ! यसै बेलादेखि पुँजीपतिहरूले आफ्नो स्वार्थपूर्ति कसरी गर्ने र आफ्नोअनुकूलतामा ट्रेड युनियनलाई प्रयोग गर्ने भन्नेमा जुक्ति लगाइरहेका थिए । तर पनि कुनै न कुनै माध्यमबाट प्रयोग भैरहेका थिए । यसलाई कसरी संस्थागत रूपले प्रयोग गर्ने भन्नेमा अन्योल थियो तर २०४६ सालको परिवर्तनदेखि सजिलै प्रयोग हुने गरेको थियो । प्रयोग गर्ने सूत्रका रूपमा क्रान्तिकारी ट्रेड युनियनका विरुद्ध आफैँ ट्रेड युनियन खुल्ने र सामूहिक सौदाबाजी गर्ने नाममा मजदुरमाथि हाबी हुन थाले तर सामूहिक सौदाबाजी मजदुरहरूको आफ्नो पेसागत हकहितको सुरक्षा गर्ने उद्देश्यले श्रमिक सङ्गठनहरूमा ट्रेड युनियन खोल्ने प्रक्रिया प्रारम्भ भएको हो । ट्रेड युनियन अधिकार शारीरिक श्रमिक अर्थात् कारखानाका मजदुरहरूका लागि मात्र हो भन्ने भावनाले प्रश्रय पाएको भए पनि यो विषय मानसिक श्रमिक अर्थात् अन्य सङ्गठित पेसागत समूहहरूका सन्दर्भमा समेत प्रयोग भई पेसागत समूहहरूका सङ्गठनहरू खोल्न आधारशिलाको अभावमा पेसागत सङ्गठन र श्रमिक सङ्गठनहरूका बीच विद्यमान समानताको खोजी गरी पेसागत सङ्गठनहरू पनि श्रमिक सङ्गठनकै रूपमा अगाडि बढ्न प्रयास गरेको देखिन्छ । यसै अवधिमा यी सङ्गठनहरूले ट्रेड युनियन अधिकारका रूपमा ट्रेड युनियनवादी हुन पुगे । पुँजीपतिसँग मिलेर सीमित पैसामा सम्झौता गर्दै पुँजीपतिले बनाएको अवधारणाले समेटेका विषयतर्फ केन्द्रित भएको स्पष्ट छ र पटकपटक पुँजीपतिकै पल्ला भारी भएको देखिन्छ । श्रम ऐन २०४८ र ट्रेड युनियन ऐन २०४९ लागू भएपछि सार्वजनिक संस्थानहरूमा ट्रेड युनियन स्थापना गर्ने र ट्रेड युनियन अधिकार प्रयोग गर्ने कार्यले विधिवत् मान्यता पाएको छ ।

श्रमिकहरूको आआफ्ना हित रक्षाको निमित्त ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्नसक्ने गरी मौलिक हकको व्यवस्था भएअनुरूप बदलिँदो राजनीतिक परिवेशमा ट्रेड युनियनसम्बन्धी व्यवस्था र निजामती सेवा नियमावली २०५० (सातौँ संशोधन २०६४) को नियम ११७ क मा निजामती कर्मचारीहरूको ट्रेड युनियनसम्बन्धी विस्तृत व्यवस्था तथा कर्मचारी सम्बन्ध समितिको व्यवस्थाले ट्रेड युनियन र सामूहिक सौदाबाजीको विषयले विधिवत् मान्यता पाएको छ ।

तर विडम्बना, अहिले उक्त अधिकारमाथि ताला लगाउँदै कर्मचारी सङ्गठनमाथि प्रतिबन्ध लगाइएको छ । निजी क्षेत्र भने केही सत्ताधारी सङ्गठनबाहेक अन्यलाई प्रतिबन्ध लागाइएको छ । यस्तो खालका राज्यको गतिविधिले श्रमिकका आवाजहरू बन्द गर्न खोजिएको छ भने ट्रेड युनियनवादलाइ प्रोत्साहन गरिएको छ ।

राज्यको यस्तोखालको गतिविधिले पुँजीपतिहरूमा प्रभाव पर्ने र मजदुरमाथि दमन गर्ने हौसला मिल्ने हुन्छ र दलाल पुँजीवादलाई सकारात्मक सहयोग पुग्ने देखिन्छ । यस व्यवस्थाले सजिलैसँग मजदुरको श्रम लुट्ने पुँजीपतिवर्गलाई प्रोत्साहन मिल्ने खेल भएको छ । यसको मूलकारण भनेको दलाल पुँजीवादी सत्ता नै हो । सत्ताले

*बाँकी पृष्ठ ७ मा*

# सङ्घर्षको कसीमा महिला



सविता तामाङ

*“कुनै पनि महान् क्रान्तिको नापो त्यो क्रान्तिमा महिलाहरूको सहभागिता कति हुन्छ भन्ने कुराले निर्धारण गर्दछ ।” – **क. भीआई लेनिन***

विश्व सर्वहारावर्गका महान् नेता कमरेड लेनिनले भन्नु भएजस्तै विश्वको आधाभन्दा धेरै जनसङ्ख्या ओगटेका महिलाहरू जुनसुकै देशमा हुने र जस्तोसुकै प्रकारका सङ्घर्ष, आन्दोलन र क्रान्तिहरूमा उनीहरूको सहभागिता कति छ ? र, कस्तो ? छ भन्ने कुराले सिङ्गो सङ्घर्ष, आन्दोलन र क्रान्तिहरूले कति सार्थकता जन्माउँछ भन्ने कुराको दिशाबोध गरेको हुन्छ । नेपालको सन्दर्भमा भन्नुपर्दा पनि महिलाहरूको भूमिका र सहभागिताको प्रश्नको त्यही कुराको स्पस्ट पारेको हुन्छ । यहाँ नेपालको सन्दर्भमा भएका सङ्घर्ष, आन्दोलन र क्रान्तिहरूमा महिलाहरूले खेलेको भूमिकाको बारेमा सङ्क्षिप्त चर्चा गरिनेछ :

**राणाकाल**

यो बेलाको समाज बर्बर निरङ्कुसता, दासता र पितृसत्तात्मक मूल्य-मान्यताले जकडिएको थियो । यिनै मूल्य मान्यताबाट सिर्जना भएको भयानक अमानवीय भूमिकाबाट पिल्सिएका नेपाली महिलाहरूले त्यो बेलामा पनि आफ्नो हक, अधिकार र इज्जतका लागि सङ्घर्ष प्रारम्भ गरेका थिए । सिरहामा दिव्य कोइराला जसले नारी जागृति सङ्घ खोलेर महिलाहरूलाई राजनीतिक चेतना जगाउनुका साथै, बाल विवाह, बहुविवाहजस्ता महिला शोषणलाई रोक्ने प्रयास गरेका थिए । त्यस्तै, धर्मको माध्यमबाट तत्कालीन सामाजिक व्यवस्थाविरुद्ध विद्रोही चेतना बाँड्ने भोजपुरकी योगमायालाई तत्कालीन शासकले गिरफ्तारी गरेर चरम यातना दिइएको थियो । त्यसको विरोधमा योगमायाले १९९८ मा अरूण नदीमा जलसमाधि गरी मृत्युवरण गरेकी थिइन् । त्यसमा अन्य ८/९ जना महिलाहरूको पनि सहभागिता थियो ।

जहानियाँ राणाशाासनको विरुद्धमा प्रचण्ड गोर्खा र प्रजा परिषद् स्थापना गरी १९८८ देखि १९९७ सम्म प्रजातान्त्रिक आन्दोलनका क्रममा नेतृत्वहरू जेल पर्दा सम्पर्क सूत्र बनेर राजनीतिक परिवर्तनको आन्दोलनलाई सहयोग पुऱ्याउने काठमाण्डौकी राममायाको पनि महिला आन्दोलनमा नछुट्टाउने नामभित्र पर्दछ । नारी स्वतन्त्रतामा बन्देज भएकै कारणले गर्दा महिला सहभागिता निकै गौण थियो । राणा शासनकै विरुद्ध सङ्घर्ष गर्दै आएकी नेपालकी प्रथम महिला मन्त्री द्वारिकादेवी ठकुरानी जसले धर्म नै महिलाहरूको मुख्य बाधक ठानेकी थिइन् । त्यस्तै, १९७७ मा राणाहरूको विरुद्धमा बुद्धधर्मको नामबाट पनि जनतालाई जगाउने काम काठमाण्डौकी लक्ष्मी तुलाधर, सिद्धीलक्ष्मी तुलाधर, प्रेमलक्ष्मी तुलाधर र मोतीलक्ष्मी उपासिकाले राणाशासनको विरोध गरेका थिए ।

१९९९ देखि २००७ सम्म जहानियाँ राणाा शासनको दबाबले जनतामा सचेतना आउन पाउन सकेको थिएन । जनतालाई सचेत तथा जागरण ल्याउने उद्देश्यले प्रेमबहादुर कंसाकार, पुष्पलाल श्रेष्ठ, कमाक्षदेवी रहने गरी गोप्य सङ्गठन खोलेर यही सङ्गठनको सक्रियतामा जुद्ध शमसेरले राजगद्दी त्यागेका थिए । त्यसबेला विराटनगर जुटमिल आन्दोलनमा मजदुर महिलाहरूको पनि सहभागिता थियो । यसरी मजदुर आन्दोलनमा दिव्य कोइरालाको नेतृत्वमा इन्दिरा आचार्य, नालिनी उपाध्याय, कामिनी कोइराला, नोना कोइराला आदि महिलाको सक्रिय सहभागितामा २००४ सालमा वनभोजको आयोजना गरी मङ्गलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला सङ्घको स्थापना भएको पाइन्छ । यसरी राणाशासनको अन्त्यका लागि नेपाली महिलाहरूले खेलेको भूमिका उल्लेख्य छ ।

**२००७ देखि १०१६ सम्म**

२००७ सालको राजनीतिक परिवर्तनपछि नेपाली महिलाहरूले राष्ट्रियताको सवाललाई लिएर महत्वपूर्ण भूमिका छन् । २००८ सालमा तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू नेपाल भ्रमणमा आउँदा नेपाल र भारतबीच भएको दिल्ली सम्झौता नेपाली जनताको लागि धोकापूर्ण छ, त्यसकारण भारतीय प्रधानमन्त्री आउँदा कालो झन्डा देखाएर विरोध गर्नुपर्दछ र स्वागत गर्नुपर्दछ भन्ने दुई विचारबीच २००४ सालबाट सङ्गठित भएको नेपाल महिला सङ्घमा फुट आयो । कालो झन्डा देखाउनुपर्दछ भन्नेको नेतृत्व कामक्षदेवी बस्नेतले र स्वागत गर्नुपर्दछ भन्नेको नेतृत्व मङ्गलादेवी सिंहले गरे । कालो झन्डा देखाउने क्रममा ५ जना महिला गिरफ्तार परी उनीहरूलाई जेल चलानसमेत गरियो । यसरी औपचारिक हिसाबले महिला सङ्गठन दुई विचार र दुई सङ्गठनमा विभाजन हुन पुग्यो । यसले महिला आन्दोलन र सङ्गठन लाई नेपाली कांग्रेस र वामपन्थी विचारका बीचमा विभाजन ल्याइदियो ।

२०११ साल वैशाख १२ गते गरिएको कोशी सम्झौता, २०१६ सालमा गरिएको गण्डक सम्झौताको विरुद्धमा अखिल नेपाल महिला सङ्घले विरोध जुलुस प्रदर्शन गरेर राष्ट्रियताको सवालमा समेत नेपाली महिलाहरूले आन्दोलन गरेर आफ्नो पहिचान बनाए ।

**२०१७ देखि २०४६ सम्म**

२०१७ पुस १ गते राजा महेन्द्रले संसदीय प्रजातन्त्रको विघटन गरेको घोषणासँगै जननिर्वाचित सरकार विघटन गरी सेनाले देशैभरि राजनेताहरूलाई गिरफ्तारी तीव्र बढाए । निर्दलीय पञ्चायती सुरु गर्दै सबै राजनीतिक पार्टी, सङ्घ/सङ्गठनमाथिको प्रतिवद्धले गर्दा महिला सङ्गठनहरूमाथि पनि प्रतिवद्ध गरियो । यो कालो इतिहासलाई चिर्दै महिला सङ्गठनलाई सक्रिय, क्रियाशील बनाउन भारतको अयोध्यामा पारिजातको नेतृत्वमा महिला भेला गरी अखिल नेपाल महिला सङ्घको पुनर्गठन गरियो । त्यसले निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध जनआन्दोलनको रूप लियो ।

सुधारिएको भनिएको पञ्चायती व्यवस्थाले राष्ट्रघात, जनघात, महङ्गी, भ्रष्टाचार, बलात्कार, चेलीबेटी बेचबिखन, सुनिता/नमिता हत्याकाण्ड, लक्ष्मी राईको हत्या, असमान सन्धि/सम्झौताहरू र कालो पञ्चायती व्यवस्थाको दमन-उत्पीडनले गर्दा २०४६ सालको जनआन्दोलनको जन्म दियो । यसबीचमा पनि थुप्रैपटक महिलाहरू गिरफ्तारी, जेल चलान, दमनका बीच अघि बढे र २०४६ सालको जनआन्दोलनसम्म आइपुग्दा नेपाली महिलाले महत्वपूर्ण र अथक मिहिनेत आन्दोलनहरूमा लगाए ।

**२०४७ देखि २०६२ सम्म**

यो अवधि महिला क्रान्तिका लागि निकै ठूलो बलिदान र आदर्शको समय थियो । निकै ठुलो त्याग, उथल-पुथल र विश्वासको परिवेश थियो । नेपाली महिलाहरू क्रान्तिमा खेलेको भूमिकाले नेपालमा मात्र हैन, विश्व क्रान्तिमा समेत महत्वपूर्ण पहिचान बनाउन सकेको छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि र २०४७ सालको संविधानले पनि नेपाली समाजको सामाजिक, अर्थिक, राजनीतिक, बनावटको आधारमा उत्पीडित क्षेत्रहरू, मजदुर, किसान, महिला, जनजाति, दलितहरूको चाहना र आकाङ्क्षाहरूलाई पूरा गर्न सकेन । त्यही उत्पीडनको जगबाट २०५२ सालमा महान् जनयुद्धको सुरुआत भयो ।

जनयुद्ध सुरुभएको २ वर्ष नपुग्दै २०५४ चैत २६ गते कालीकोटको कुमालगाउँ चौकीबाट आएको प्रहरीले विथलडाँडामा जितबहादुर विश्वकर्माको घरमा आई दमन गर्ने क्रममा जितबहादुर गोली लागी घाइते भएपछि कमरेड गौरीकला विश्वकर्मा र कमरेड पेउकला विश्वकर्माको नेतृत्वमा ४०/५० जनाको महिला टोलीले हतियारसहितका प्रहरी टोलीमाथि हमला गरेर प्रहरीको सम्पूर्ण हातहतियार कब्जा गरी पार्टीलाई बुझाएका थिए । २०५५ सालमा गिरिजाप्रसाद कोइरालाको नरसंहारकारी किलोसेरा टु अपरेसन होस् वा २०५८ सालमा शेरबहादुर देउवाले घोषणा गरेको सङ्कटकालमा हजारौँ महिलाले कष्टपूर्ण यातना, जेलजीवनको कहर भोगे; तर पनि महिलाहरू दुश्मनको सामु झुकेनन्, आत्मसमर्पण गरेनन्, जीवनको भीख मागेनन्; बरु सबैखाले क्रूर, तानाशाही र अमानवीय यातनाको डटेर सामना गरे । आफ्नो अमूल्य जीवन बलिदान गर्न तयार बने र महान् जनयुद्धलाई अघि बढाउन

*बाँकी पृष्ठ ७ मा*

# वर्तमान विश्वको अन्तर्राष्ट्रिय प्रवृत्ति




धर्मेन्द्र बास्तोला

*dflg; ;+f/sf]sgfsgfdf ;of}F xhf/f}F d:ofn]kl~;Psf]5 . oL hgtfsf nflu cf^gf b]zx¿ ;fd|Hojfbl bnfnx¿sfawzfnf ag]sf 5g . ljZjsf tdfd /fli6otfsf nflu tL b]zx¿ s}bvfgfag]sf 5g . /fhgLlts ¿kn] ljZjsf]((k|ltzt hgtfn]Psflwsf/ kF'hjfbsf]clwgfosTj a]xf]g'k/]sf]5 . Psflwsf/ kF'hjfblx¿sf nflu ljZjsf hgtfn]kfpg]k|ltJolQm &#)) 8n/ pkna\w u/fpg]Joj:yf ug'{eGbf & ca{hgtfnfO{goGq0f ug{!%#! ca{8n/ cyjf k|ltJolQm @!* cd]/sL 8n/sf]o4 yf]kg'{mf0bf 7fg]sf]5 . h;sf]sf/0f cfh ;+f/el/ czflGt 5, sf]sf]xf]nf]5,b}lgs Ps xhf/eGbf a9L dflg; ;fd|Hojfbl o4 jf ck/fwsf sf/0f dg]{/dfl/g]u/]sf]kf0G5 .*

---

वर्तमान युग भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । लेनिनले साम्राज्यवादलाई पुँजीवादको उच्चतम रूप भन्नुभएको थियो । लेनिनले साम्राज्यवाद पुँजीवादको उच्चतम रूप भएको र यसको चरित्र केन्द्रीकृत, परजीवी, पतनशील रमरणोन्मुख भएको बताउनुभएको थियो। अहिलेको विश्वमा पुँजी लेनिनको समयमाभन्दा अति केन्द्रित, अति परजीवी, अति पतनशील र मृत्युशय्यामा छट्पटाउँदोदेखापर्छ । उदाहरणका लागि एउटा अध्ययनलाई लिऊँ – सन् २००७ को एकअध्ययनअनुसार विश्वको जनसङ्ख्या ६ अर्ब ६० करोड रहेको थियो । त्यतिबेलाविश्वको कुल गार्हस्थ उत्पादन ४,८०० अर्ब अमेरिकी डलर रहेको थियो । विश्वकोजनसङ्ख्या र कुल गार्हस्थ उत्पादनको तुलना गर्ने हो भने विश्वका हरेक नागरिककोहातमा ७,३०० अमेरिकी डलर भाग पर्न आउँछ तर यो रकम बैङ्क तथा अन्यकरमार्फत राज्यमा आएको हिसाब मात्र हो। राज्यमा नआएको हिसाब सानो पुँजी,व्यक्तिगत सम्पत्ति र अवैध कारोबार सबै जोड्ने हो भने ४८ खर्बको दसौँ गुणा बढीभएको अनुमान गर्न सकिन्छ। त्यतिबेलाको धितो तथा ऋणपत्रमा अङ्कित सम्पत्तिमात्र मिलाउँदा विश्वको कुल अनुमानित पुँजी १४ हजार अर्ब अमेरिकी डलरबराबररहेको थियो तर त्यतिबेलाको आँकडाअनुसार विश्वको युवापुस्ताको १ प्रतिशत अथवा ३ करोड ७० लाख मानिसले विश्वको कुल सम्पत्तिको आधा सम्पत्तिमाथिअधिकार जमाउँथ्यो । अमेरिकाबाट प्रकाशित फाइनान्सियल टाइम्स अखबारकाअनुसार विश्वको केवल ३ करोड ७० लाख युवा पुस्ताले विश्वको आधा सम्पत्तिमाथिअधिकार राख्थ्यो । भलै १ प्रतिशत भन्नाले त्यतिबेलाको जनसङ्ख्याको ६ करोड६० लाख हुन आउँछ। यसरी हेर्दा विश्वका टाइकोनको हातमा प्रतिव्यक्ति करिब ४लाख अमेरिकी डलर पर्न आउँछ जब कि कुल जनसङ्ख्या मिलाउँदा ७३०० डलरप्रतिव्यक्ति हुनुपर्थ्यो तर त्यतिबेलाको विश्वको कुल सम्पत्ति १० हजार खर्ब अमेरिकीडलरमा ११० खर्ब अमेरिकी डलर अमेरिकामा मात्र केन्द्रित थियो । बाँकी ८९०खर्ब अमेरिकी डलर विश्वका अन्य जनताका बीचमा रहेको थियो । अमेरिकाको कुलजनसङ्ख्या विश्वको कुल जनसङ्ख्याको करिब ४ प्रतिशत हुन आउँछ जब किविश्वको कुल सम्पत्तिको ११ प्रतिशत अमेरिकामा मात्र केन्द्रित रहेको पाइन्छ । यहाँ,सम्पत्तिको सङ्केन्द्रण भएको पश्चिम युरोप, रुस र जापान गरी करिब ६० करोडजनसङ्ख्या, जो कुल जनसङ्ख्याको करिब ६ प्रतिशत हुन आउँछ। त्यसको हिसाबगर्ने हो भने त्यही स्तरमा सम्पत्तिको केन्द्रीकरण भएको पाउन सकिन्छ । विश्वको१ प्रतिशत एकाधिकार पुँजीपति वर्गले विश्वको आधा सम्पत्ति राख्ने, अमेरिकाको ४प्रतिशतले ११ प्रतिशत राख्ने र बाँकी विकसित मुलुकका ६ प्रतिशतले त्यही प्रतिशतमासम्पत्ति राख्ने हो भने एसिया, अफ्रिका, ल्याटिन अमेरिकी देशका जनताको हातमाकेही नरहने स्थिति स्वतः बन्न पुग्दछ ।यहाँ एउटा मोटामोटी हिसाब गरौँ – विश्वको कुल जनसङ्ख्याको आधाजनसङ्ख्या एसिया महादेशमा रहेको छ । विश्वको त्यतिबेलाको कुल ६.६ अर्बजनसङ्ख्यामा चीनमा १ अर्ब २० करोड, भारतमा १ अर्ब र एसियाका अन्यमुलुकहरूमा करिब ४० करोड जनता रहने गर्थे । भारत, चीन, बङ्गलादेश, पाकिस्तान,नेपाल, बर्मा, इन्डोनेसियालगायत मुलुकहरूको कुल आम्दानी औसतमा वार्षिक ४००डलरभन्दा बढी थिएन । यसरी करिब २ अर्ब ६० करोड जनतामा करिब २ अर्बजनताको आम्दानी प्रतिव्यक्ति दैनिक १ डलरभन्दा कम थियो । प्रतिव्यक्ति ७,३००डलर प्राप्त गर्नुपर्ने त्यो २ अर्ब जनताले केवल ३०० डलर मात्र पाउँथ्यो र प्रतिव्यक्ति७,००० डलर अमेरिका, युरोपलगायत केही विकसित देशहरूमा केन्द्रित हुन्थ्यो ।यो पुँजीको केन्द्रीकरणको एउटा उदाहरण हो । यसप्रकारको पुँजीको केन्द्रीकरणबीसौँ शताब्दी अथवा लेनिनको समयमा कर्टेल्स र सिन्डिकेटहरूमा हुन्थ्यो । त्योकेन्द्रीकरण अहिले वित्तीय बैङ्कहरूमा हुने गरेको छ । यसको रफ्तार सन् १९९५ कोग्याट सम्झौतापछि पहिलेको भन्दा कैयौँ गुणा तीव्र रूपले हुँदै आएको छ ।तर यहाँ एउटा अनुमान गरौँ, विश्वमा मानव जातिले आर्जन गरेको सम्पत्तिकति छ र त्यसको वितरणका बारेमा एउटा कल्पना गरौँ । विश्वको पुँजी १०हजार अर्ब डलर छ भने र विश्वको कुल जनसङ्ख्या ७ अर्ब मान्ने हो भने त्यसलाईसमानुपातिक हिसाबले विभाजन गर्दा प्रतिव्यक्ति आम्दानी १४२,८५७ अमेरिकी डलरबराबर पर्न आउँछ। अब हामी एकछिन कल्पना गरौँ कि प्रतिव्यक्ति ३०० अमेरिकीडलर हुँदा हुने मानिसको उत्पादन र प्रतिव्यक्ति १ लाख ४२ हजार हुँदा गर्न सकिनेउत्पादन कति फरक हुन सक्ला ? तर एकाधिकार पुँजीवादले यो कुरा मान्नै सक्दैन। यही हो लेनिनले साम्राज्यवादी पुँजीलाई केन्द्रीकृत, परजीवी, पतनशील र मरणासन्नभन्नुभएको । विश्वको सम्पत्ति कसरी केन्द्रित भइरहेको छ भन्ने कुरा यसरी देख्नसकिन्छ– सन् २००८ को आँकडाअनुसार विश्वका २५० ठूला बैङ्कहरूमध्ये १५०बैङ्क अमेरिकामा केन्द्रित छन् । ती बैङ्कहरूमध्ये २० वटा सबैभन्दा ठूला बैङ्कहरूछन् जसमा पहिलो नम्बरको बैङ्क अफ अमेरिकाको कुल निक्षेप पुँजी १३५,२७१लाख अमेरिकी डलर थियो भने चौथो स्थानमा रहेको बेलायती बैङ्क एचएसबीसीको११४,९२८ लाख थियो। दोस्रो र तेस्रो स्थानमा रहेका अमेरिकी बैङ्कहरू सीटीग्रुपर जेपी मोर्गनको क्रमशः ११९,७८३ र ११५,७९० अमेरिकी डलर रहेको छ । पाँचौँस्थानको बैङ्क मित्सुबिसी फाइनान्स ग्रुपको ८१,९४० लाख डलर थियो भने बाह्रौँस्थानमा रहेको चीनको सबैभन्दा ठूलो बैङ्क इन्डस्ट्रियल कमर्सियल बैङ्क अफचाइनाको निक्षेप पुँजी ५८,९७५ लाख डलरबराबरको थियो । यसरी के स्पष्ट हुन्छभने वित्तीय पुँजी चीन र रुस, जापान र कोरियामा भन्दा अमेरिका र युरोपमा बढीकेन्द्रित रहेको छ। युरोपमा भन्दा पनि ठूलो पुँजी अमेरिकामा नै केन्द्रित रहेको छ ।त्यस्तै, यतिबेला फौजी क्षेत्रमा ठूलो रकम खर्च गरिएको छ। संसारमा सन्२००८-९ मा करिब १५३१ अर्ब अमेरिकी डलर फौजी क्षेत्रमा खर्च गरियो जुनत्यतिबेलाको विश्वको कुल गार्हस्थ उत्पादनको २.७ प्रतिशत छ जसमा अमेरिकालेमात्र ६६१ अर्ब डलर खर्च गरेको छ । चीनको १०० अर्ब, फ्रान्सको ६३.९ अर्ब,बेलायतको ५८.३ अर्ब, रुसको ५३.३ अर्ब डलर फौजी क्षेत्रमा खर्च गरिएको छ ।यसरी संयुक्त राष्ट्रसङ्घका स्थायी सदस्य तथा विशेषाधिकार भएका देशहरूबाटफौजी क्षेत्रमा ९३६.५ अर्ब डलर खर्च गरेको पाइन्छ । अहिले, जतिबेला संसारमाशान्ति र सुरक्षाका नाममा मानिस मार्ने र मर्ने प्रक्रियामा १५३१ अर्ब अमेरिकी डलरखर्च गरिएको छ। त्यतिबेला भने नेपाल जस्तो देशको जीवन निर्वाह गर्नका लागिबनाइएको राष्ट्रिय बजेटको अंश केवल २८३.९३ अर्ब नेपाली रुपैयाँ छ जसलाई१ डलरबराबर ७५ रुपैयाँ मान्ने हो भने केवल ३.७८ बिलियन अमेरिकी डलर मात्रहुन आउँछ। यो रकम अमेरिकाको कुल बजेटको त कुरै छाडौँ, फौजी खर्चमा हिसाबमात्र गर्‍यो भने सयमा ०.०५ प्रतिशत अथवा एक रुपैयाँमा ०५ पैसा बराबर जस्तैहुन आउँछ।




विश्वको विकास भएको यो आर्थिक र फौजी असमानताले गरिब र धनीबीचकोखाडल पुँजीवादी संरचनाले पुर्नै नसक्ने गरी गहिरो र विशाल बनाएको छ । विश्वकोकुल जनसङ्ख्याको १ प्रतिशत जनता केवल एक कारणले बेचैन छन्, उसको अकूतसम्पत्तिको सुरक्षा कसरी गर्ने भनेर। बाँकी, ऊ सम्पूर्ण रूपले स्वतन्त्र छ। उसकालागि यो दुनियाँमा पूर्ण रूपले जनवाद छ र साम्यवाद पनि । तर, विश्वका ९९ प्रतिशतजनता असुरक्षा र भोकमरीमा पिल्सिएका छन् । स्वास्थ्य, शिक्षा रोजगारी तथा गाँस,बास, कपासको अभावले मानिस आक्रान्त छ। मानवीय मूल्य र मान्यतासँग जोडिएकोमर्यादा र प्रतिष्ठाविहीन छ । मानिस संसारको कुनाकुनामा सयौँ र हजारौँ समस्यालेपिल्सिएको छ । यी जनताका लागि आफ्ना देशहरू साम्राज्यवादी दलालहरूकाबधशाला बनेका छन्। विश्वका तमाम राष्ट्रियताका लागि ती देशहरू कैदखानाबनेका छन्। राजनीतिक रूपले विश्वको ९९ प्रतिशत जनताले एकाधिकार पुँजीवादकोअधिनायकत्व बेहोर्नुपरेको छ । एकाधिकार पुँजीवादीहरूका लागि विश्वका जनतालेपाउने प्रतिव्यक्ति ७३०० डलर उपलब्ध गराउने व्यवस्था गर्नुभन्दा ७ अर्ब जनतालाईनियन्त्रण गर्न १५३१ अर्ब डलर अथवा प्रतिव्यक्ति २१८ अमेरिकी डलरको युद्ध थोपर्नुफाइदा ठानेको छ । जसको कारण आज संसारभरि अशान्ति छ, कोकोहोलो छ,दैनिक एक हजारभन्दा बढी मानिस साम्राज्यवादी युद्ध वा अपराधका कारण मर्ने रमारिने गरेको पाइन्छ।

अमेरिकी साम्राज्यवादले इराक र अफगानिस्तानमाथि थोपरेको युद्ध,इजरायलबाट प्यालेस्टिनी जनताको राज्यको हरणलगायत मध्यपूर्वमा समयसमयमागरिने युद्धहरू साम्राज्यवादी उत्पीडनका उदाहरण हुन् । साम्राज्यवादले केवल फौजीयुद्ध थोपर्दैन, यसले प्रायोजित युद्ध पनि थोपर्ने गर्छ र आफ्ना दलालहरूलाईमनोवैज्ञानिक हमला गर्छ । यसको उदाहरण पाकिस्तानमाथिको फौजी आक्रमणर इन्डियनमाथिको मनोवैज्ञानिक हमलामा देखापर्छ । अमेरिकाले कस्मिरको निहुँमाभारत तथा पाकिस्तानमाथि पैताला जमाउन पाकिस्तानमाथि प्रायोजित आक्रमण गर्दैआएको छ । पाकिस्तानले अमेरिकी आक्रमण लाचारीपूर्ण तरिकाले सहँदै आएकोछ। पाकिस्तानको राजनीतिक, वैचारिक, सांस्कृतिक तथा फौजी दुर्बलताका कारणअमेरिकी आक्रमण सहनुपरे पनि भारतले निर्लज्जतापूर्ण तरिकाले यो आक्रमण सहनुपरेको छ। वास्तवमा पाकिस्तानमाथिको आक्रमण भारतीय राष्ट्रियता र भारतीयमनोविज्ञानमाथिको आक्रमण हो भन्ने स्पष्ट छ । अमेरिकी साम्राज्यवाद र उसकासहयात्रीहरूको युद्ध एकातिर तेस्रो विश्वका देशहरूमा छद्म र खुला रूपमा देखापर्छभने धनी देशहरूको बजारको बाँडफाँट, स्रोत र साधनहरूको विभाजन जी आठ रजी-बाह्रका भोज र भेलाहरूमा गरिन्छ । त्यहीँ हुन्छ उनीहरूको आर्थिक तथा फौजीशक्तिको प्रदर्शन, त्यही चल्छ उनीहरूको मल्लयुद्ध अनि त्यही हुन्छ उनीहरूकोबजारका लागि विश्वको विभाजन। यसप्रकारको युद्ध रूपमा भोजभतेर हुन्छ तरसारमा यो भीषण युद्ध हुन्छ । यहाँ देखिन्छ अन्तरसाम्राज्यवादी अन्तर्विरोध । फेरिपनि अहिलेको विश्वको प्रमुख अन्तर्विरोध भनेको साम्राज्यवाद र उत्पीडित राष्ट्र रजनताबीचको अन्तर्विरोध नै हो।

साम्राज्यवादको यो युद्धशैली एक्काईसौँ शताब्दीमा बदलिएको छ । अमेरिकालेएकातिर भारतमाथिको सिँगौरी पाकिस्तानमाथिको आक्रमणबाट र चीनविरुद्धकोसिँगौरी उत्तरकोरियासँग जुधेर खेलिरहेको छ । यस्तै प्रकारका प्रायोजित युद्धअफ्रिकी तथा ल्याटिन अमेरिकी देशहरूमा चल्दै आएका छन् जसको कारण अहिलेविश्वका तमाम देशहरूमा जनवादी आन्दोलन र राष्ट्रिय मुक्ति आन्दोलन चल्दैआइरहेका छन्। अहिलेको मुख्य प्रवृत्ति साम्राज्यवादका विरुद्ध जनवादी क्रान्ति,राष्ट्रिय स्वाधीनताका लागि क्रान्ति र सर्वहारावर्गको नेतृत्वमा समाजवादी क्रान्ति हो ।हामीले देखिसक्यौँ- एकाधिकार पुँजीवाद कति डरलाग्दो छ ! त्योभन्दा अझमहत्वपूर्ण कुरा के छ भने लेनिनले जसरी साम्राज्यवादी पुँजीलाई एकाधिकार मात्रनभईकन त्यो परजीवी, पतनशील (डिकेडेन्ट) र मरणशील छ भन्नुभएको थियो त्यसको वैज्ञानिकता अहिले पनि प्रमाणित हुन्छ । साम्राज्यवादले आफ्नो एकाधिकारपुँजीको सुरक्षा गर्न बहुसङ्ख्यक जनतामाथि युद्ध थोपर्नु अनिवार्य बन्दछ किनकिउसका लागि संसारको मानवजातिसँग भातृभावका साथ वसुदैव गर्नुभन्दा युद्ध थोपर्नुनै मुनाफायुक्त हुन्छ । यसप्रकारको युद्धले अन्ततः जनताको विजय हुने सुनिश्चितछ । जो जनवादी समाजवादी क्रान्तिमा अभिव्यक्त हुन्छ वा जनवादी क्रान्तिले यसराष्ट्रिय पुँजीको विकास गरी एकाधिकार पुँजीवादको उत्पीडनको अन्त्य गर्नेछ । योदुवै परि स्थितिमा अहिलेको प्रवृत्ति समाजवादी क्रान्ति नै हो भन्ने स्पष्ट हुन्छ । तरयो कुरा स्पष्ट हुन आवश्यक छ, यसप्रकारको समाजवादी क्रान्तिको नेतृत्व बुर्जुवाराष्ट्रवादी शक्तिले गर्न सक्दैनन्, यो समाजवादी क्रान्तिकारी कम्युनिस्टहरूले मात्रगर्न सक्छन्।

साम्राज्यवाद र सर्वहारा क्रान्तिको वर्तमान युगमा संसारभरि जनवादी आन्दोलनर राष्ट्रिय मुक्ति आन्दोलनहरू चलेका छन् । जनवादी आन्दोलन साम्राज्यवादी युद्ध,वातावरणीय प्रदूषण, अति उत्पादन र बजारको अभाव, मजदुरमाथिको उत्पीडनकाविरुद्ध विशाल प्रदर्शनमा अभिव्यक्त भएका छन् । ल्याटिन अमेरिका जनवादीआन्दोलनको वक्षस्थल बनेको छ । ल्याटिन अमेरिकाको साथसाथै साम्राज्यवादीभूमण्डलीकरण, उदारीकरण र निजीकरणको कारण विश्वका सबै मुलुकहरूमा जनवादीआन्दोलनको विकास भएको छ । एसिया, अफ्रिका, युरोप र अमेरिकामा समेत राष्ट्रियमुक्ति आन्दोलनको विकास भइरहेको छ तर क्रान्तिकारी आन्दोलन विश्वका धेरैकम मुलुकहरूमा मात्र भएको छ । नेपाल, भारत, इरान, टर्की, अमेरिका, क्यानाडा,पेरू, फिलिपिन्सलगायत विश्वका अत्यन्त कम देशहरूमा सर्वहारा आन्दोलनकोविकास भएको छ । सर्वहारावर्गीय क्रान्तिकारी आन्दोलनबिना जनवादी समाजवादीक्रान्ति हुन नसक्ने र जनवादी तथा समाजवादी क्रान्तिबिना जनवादी तथा राष्ट्रवादीआन्दोलनका मागहरू पूरा हुन नसक्ने भएकाले अहिलेको विश्वमा जनवादी तथाराष्ट्रिय मुक्ति आन्दोलनले क्रान्तिकारी आन्दोलनको जन्म दिने सुडेनीको भूमिकानिर्बाह गर्नुपर्छ। यो नै अहिलेको क्रान्तिकारी आन्दोलनको मुख्य विशेषता हो।

भदौ, २०६७

**समकालीन विश्व कम्युनिस्ट आन्दोलनबाट**

# जनगणतन्त्र कोरियाका नेताहरू नेपालमा




**करणसिंह बडाल/काठमाडौँ**

नेपालमा जनगणतन्त्र कोरिया (उत्तरकोरिया) का मित्र र किम इल सुङ प्रतिपादित जुछे विचार पक्षधर संस्थाको निमन्त्रणामा कोरियाली नेताहरू नेपाल आएका छन्। कोरियाली नेताहरुलाई सहभागी गराएर नेपाली संस्थाहरूले एक राष्ट्रिय स्तरको सम्मेलन सम्पन्न गरेका छन् । कार्यक्रमको आयोजना नेपालमा उत्तरकोरियालाई समर्थन गर्ने विभिन्न आठ संस्थाले संयुक्त रूपमा गरेका थिए।

सम्मेलनमा कोरियाका तर्फबाट कोरियाली समाज वैज्ञानिकहरूको सङ्गठन (कास) का उपमहानिर्देशक चो काङ र विश्लेषक प्रोफेसर ओ सोङ छोलको विशेष उपस्थिति रहेको थियो । उपमहानिर्देशक चो काङले जुछे विचारकै कारण कोरियाले जापान र अमेरिकी साम्राज्यवादलाई हराउन सफल भएकाले यो विचार मुक्तिका पक्षमा लडिरहेका सबै देश र पार्टीहरूका लागि आवश्यक रहेको बताउनुभयो ।

सम्मेलनमा पाँच संस्थाका अध्यक्षले कार्यपत्र प्रस्तुत गरेका थिए। उक्त सम्मेलनको अध्यक्षता गर्दै नेपाल-कोरिया मैत्री सङ्घका अध्यक्षसमेत रहेका नेकपा मालेका अध्यक्ष सीपी मैनालीले नेपालका कम्युनिस्टहरूले जुछे विचार अवलम्बन गरेर देशलाई मुक्त र समृद्ध बनाउनुपर्ने बताउनुभएको थियो । मुख्य वक्ताका रूपमा रहेका सभामुख कृष्णबहादुर महराले स्वाधीनता र समृद्धिका लागि कोरियाले गरेको सङ्घर्ष सराहनीय भएको बताउनुभयो ।

उक्त कार्यक्रममा नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका अध्यक्ष अशोक सुवेदीले जुछे विचार शक्तिशाली क्रान्ति र परिवर्तन पर्खिरहेको नेपालका लागि पनि एउटा महत्वपूर्ण पाठ हुने चर्चा गर्नुभएको थियो । कार्यक्रममा सपोर्टिङ सङ्गुन पोलिसीका अध्यक्ष माणिकबहादुर लामा, नेपाल पत्रकार सङ्घका अध्यक्ष मञ्जुरत्न शाक्य, नेपाल लिटरेरी सोसाइटीका अध्यक्ष शङ्कर भारती, सुवासकाजी श्रेष्ठलगायतले मुक्ति, स्वतन्त्रता र विकासका लागि जनगणतन्त्र कोरिया, जुछे विचार र मार्सल किम जोङ उनबाट सिक्नुपर्ने बताउनुभयो । नेपालको चारदिने भ्रमण र सम्मेलनका लागि नेपाल आएका कोरियाली नेताहरूसँग नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले एक विशेष मैत्रीपूर्ण भेटघाट कार्यक्रम आयोजना गरी वैचारिक बहससमेत गरेको थियो । आयोजक सङ्घसंस्थाले मङ्गलबार राजधानीमा एक कार्यक्रम आयोजना गरी कोरियाली नेताहरूलाई बिदाइ गरेका थिए।

वर्ष ४, अङ्क ९, पूर्णाङ्क १५५
रातो खबर साप्ताहिक

# थबाङबाट गोरे दाइ काठमाडौँमा

नेपालको राजनीतिक इतिहासमा सुपरिचित नाम रोल्पाको थबाङ गाउँ जो सधैँ चर्चामा रहन्छ। त्यही चर्चित गाउँ थबाङका हित रोकामगर र दङ्गा रोकामगरबाट २००६ साल भदौ १२ गते जन्मनुभएका ६९ वर्षीय पूर्णबहादुर रोकामगर (गोरे दाइ) यति बेला काठमाडौँमा हुनुहुन्छ । गोरे दाइ थबाङको एउटा सङ्घर्षशील र सुन्दर इतिहास पनि हुनुहुन्छ। उहाँ राजनीतिक कार्यकर्ता मात्र होइन, स्रष्टा पनि हुनुहुन्छ । थबाङको पहिलो इतिहास उहाँले नै लेख्नुभयो । दसकौँदेखि क्रान्तिकारी कम्युनिस्ट आन्दोलन र सिर्जनामा लागेर पनि गोरे दाइ कहिल्यै ठूलो पद र जिम्मेवारी लिन चाहनुहुन्न । जनताको मुक्ति नभएसम्म नमुस्कुराउने प्रतिबद्धता नै छ उहाँको । प्रस्तुत छ उहाँसँग भएको सङ्क्षिप्त कुराकानीको सार सङ्क्षेप :

➲ ***अचानक काठमाडौँमा भेटिनुभयो नि ? यहाँको बसाइ व्यवस्थापन कसरी गर्नुभएको छ ? स्वास्थ्य अवस्था कस्तो छ ?***

हैन, बर्सात्का कारण रोल्पावाट आउँदा अढाइ घन्टाको बाटो बोकेरै ल्याइमागियो । पहाडी बाटो, कठिनाइका साथ काठमाडौँ आइपुगियो । मेरी श्रीमती इर्खमला रोकामगरको पनि हड्डीको समस्या छ । त्यसैले सँगै उपचारमा आएका छौँ । यहाँ मेरो कान्छो भाइ प्रवेशकुमार रोकामगर ऊ क्या हजुरहरूले चिन्नुहुन्छ, जनयुद्धदेखि नै क्रियाशील क. छिरिङ हो, उहाँले नै नयाँ बसपार्कमा भेटेर सहिद गङ्गालाल अस्पतालको आपत्कालीन उपचारकक्षमा उपचार गराइयो । रोग अलि जटिल रहेको र अप्रेसन गर्न तत्काल शारीरिक अवस्थाले पनि नधान्ने भएकाले केही समय औषधी खाई परीक्षण गरेर अप्रेसन गर्ने डाक्टरको सल्लाहबमोजिम आराम तथा औषधी सेवनमा रहेको छु । पैसा पनि अलि धेरै लाग्ने भएको छ । अहिले मेरी कान्छी छोरी लालकुमारी रोकामगरको घर सीतापाइलामा बसेको छु ।

➲ ***तपाईं त पुरानो मान्छे हुनुहुन्छ ! जन्म र जन्मथलोका बारेमा केही बताइदिनुस् न !***

म खासै पुरानो त होइन, शारीरिक अस्वस्थताले गर्दा शरीर कमजोर भयो । मेरो जन्म २००६ साल भदौ १२ गते तत्कालीन थबाङ पञ्चायत वडा नं. ६ रोल्पामा भएको हो । मभन्दा राजनीति र उमेरले पनि बुढो मान्छे थबाङका बर्मन मुखिया हुन् ।

➲ ***ए ! अनि बर्मन बुढामगर र थबाङको राजनीतिका बारेमा केही भनिदिनुस् न !***

उनी राणा शासनमा मुखियाका सन्तान, पछि पञ्चायती व्यवस्थामा प्रधानपञ्च पनि भए । २०१३ सालमा थबाङमा उनीहरूले नै किसान सङ्गठन गठन गरी सञ्चालनमा ल्याएको हुनाले २०३७ सालमा थबाङले बहुदलीय व्यवस्थालाई मतदान गर्‍यो भने २०३८ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचनमा थबाङले पूर्ण बहिष्कार गरेर शून्य मतपेटिका बनायो । २०४६ सालमा बहुदलीय व्यवस्था आएपछि २०४८ सालको संसदीय निर्वाचन उपयोग गर्न रोल्पाको क्षेत्र नं. २ बाट कृष्णबहादुर महरा र क्षेत्र नं. १ बाट उनै बर्मन बुढामगर (मुखिया/प्रधान) संयुक्त जनमोर्चा नेपालबाट रोल्पाली सांसद बने । हामी साँच्चिकै सर्वहारा वर्गको मुक्तिका लगि लडिरहेका छौँ । बर्मन मुखियामा अहिले ढुलमूले राजनीतिक चरित्र देखिँदै छ । हुनत प्रचण्डसँग जनयुद्धको तयारीको बेलामा पनि हामी नीति र कार्यक्रम हेरेर नेकपा (माओवादी) मा उठिसक्दा पनि उहाँले नेता त मोहनविक्रम सिंह नै हुन्, यी प्रचण्ड ठिटाहरू हुन् नै भन्नुहुन्थ्यो । पछि जनयुद्धमा सँगसँगै भइयो ।

➲ ***तपाईंले राजनीति कहिलेदेखि कसरी सुरु गर्नुभयो ?***

खास गरेर म विद्यालयमा पढ्न नपाएको व्यक्ति हुँ । आर्थिक पारिवारिक कारणले कक्षा दुईमा पढिरहेको बेला भेडाबाख्रा ग्वाला (गोठालो) बस्नुपर्‍यो । २०२४ सालमा ६ महिने प्रौढशिक्षा कक्षा सञ्चालन हुने भयो । त्यसमा मैले पनि नाम लेखाएर पढ्न सुरु गरेँ । प्रौढशिक्षा ६ महिनाबाट ३ महिना समय थप भयो । म ९ महिना नियमित कक्षा लिने अर्थात् कहिल्यै गयल नभएर पढ्ने । यसैले सहभागीमध्येबाट प्रौढ शिक्षक खिमानसिंह गुरुङबाट पुरस्कृत पनि भएँ । यो प्रौढ शिक्षाले मलाई राम्ररी पढ्ने, लेख्ने र बुझ्ने पनि भइसकेको थिएँ । २०२८ सालमा मैले थबाङका तत्कालीन सेक्रेटरी क. सुकबहादुर बुढामगर 'सूर्यलाल' सँग पार्टी समर्थक सदस्य भइसकेकाले र म हुलाकको हल्कारा भएकाले बर्मन बुढामगरलाई चीन-नेपाल मैत्री सङ्घ, नेपाल-कोरिया मैत्री सङ्घका पत्रिका आउँथे । उक्त पत्रिका अध्ययन गर्दै गएँ । यसका साथसाथै चिनियाँ क्रान्तिको सफलता र कम्युनिस्ट व्यवस्था मानवहितमा हुन्छ र यसले नै सबैखालका जातीय, लैङ्गिक, क्षेत्रीय वर्गीय तथा सबैखाले विभेदको अन्त्य र जनताको शासन व्यवस्था र मुक्ति पाइन्छ भन्ने कुराले म स्पष्ट भइसकेको थिएँ- सर्वहारा, मजदुर, किसान तथा उत्पीडित समुदाय र वर्गको शासन नै कम्युनिस्ट व्यवस्था हो ।

२०३१ सालमा मेरो विवाह भयो । २०३२ सालमा तत्कालीन पार्टीका सीसीएम क. जलजलाबाट पार्टी सदस्यता पाएका थियौँ । उहाँ महिला हुनुहुन्थ्यो र त्योबेला नेताहरूको ठाउँठेगाना सोध्न मिल्दैनथ्यो । उहाँबाटै मलगायत तेजमन घर्तीमगर क. दीर्घ, बिन झाँक्री, हर्कबहादुर घर्तीमगर क. जयपाल, सूर्यबहादुर रोकामगर क. प्रदेश (उहाँ डोल्पा कारबाहीमा सहिद हुनुभयो) ले सदस्यता लिएका थियौँ । ०३६/०३७ सालको बहुदल-निर्दल र २०३८ सालको चुनाव बहिष्कारमा पार्टीको नीति र कार्यक्रममा सक्रिय भाग लिएँ र केही समय भूमिगत पनि भएँ तर घरपरिवारसँग बसेर मलाई फेरि हुलाककै जागिरमा पुनः काम गर्ने व्यवस्था मिलाइयो । मिरुल, जेलबाङ, उवा, थबाङलगायत रोल्पाका गाउँहरूमा सङ्गठन विस्तार र पार्टी निर्माणमा लागियो । बहुदलीय व्यवस्था स्थापनापछि पनि फेरि पार्टीको सङ्घर्षको उत्कर्षसँगसँगै मलाई बर्मन बुढामगरको घनिष्ट हो भनेर सरुवा गरेर रुकुम कोलमा कार्यरत भएँ । त्यहाँको हुलाकमा कार्यरत हुँदा दर्जनौँ सेल कमिटी र जवस सङ्गठन निर्माण गरेँ । त्यसपछि २०५२ साल नजिकतिर मलाई जाजरकोटको सिमाना चौरजहारी सरुवा गरियो । म त्यहाँ नगई पूर्णकालिन सदस्य भएर जनयुद्धमा सहभागी भएँ ।

➲ ***जनगणतन्त्र कोरियाप्रति रुचि राख्नुहुँदो रहेछ नि ?***

हो, मैले किम इल सुङद्वारा प्रतिपादित जुछे विचारका केही पुस्तक अध्ययन गरेको छु । जनकेन्द्रित र आत्मनिर्भर सिद्धान्त भएकाले नै कोरियाले जापानी र अमेरिकी साम्राज्यवादबाट मुक्ति पायो र आजसम्म आफ्नै किसिमको समाजवादी व्यवस्था टिकाइहेको छ । साम्राज्यवादविरुद्ध निरन्तर लडिरहेको पनि छ । यसै मेसोमा समाजवाद आएका मुलुकहरुसँग वैचारिक-राजनीतिक सांस्कृतिक अनुभव आदानप्रदान गर्न गठित नेपाल-जनगणतन्त्र कोरिया लेखक-पत्रकार मञ्चमा रहेर अध्ययन अघि बढाइरहेको छु । नेपाल र नेपालजस्ता साम्राज्यवादबाट उत्पीडित राष्ट्रहरूले कोरियाबाट सिक्नुपर्छ ।

➲ ***'क्रान्तिकारी इतिहास बोकेको थबाङ गाउँ' पुस्तक प्रकाशन गर्नुभयो । त्यो खास गरेर किन र केका लागि लेख्ने प्रेरणा मिल्यो ?***

"क्रान्तिकारी इतिहास बोकेको थबाङ गाउँ" पुस्तकमा हाम्रो ऐतिहासिक रूपमा आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक रूपमा जसरी एउटा अजङ्गको पहाड भएर जसरी राणा शासनदेखि निर्दलीय पञ्चायती निरङ्कुश राजतन्त्र, तानाशाही व्यवस्था हुँदै बहुदलीय संवैधानिक राजतन्त्र खुनी व्यवस्थालाई दस वर्षको दीर्घकालीन जनयुद्धलाई एउटी आमाले जसरी आफ्नो बच्चाको स्याहारसुसार गर्दछ त्यसरी संरक्षणसमेत गर्‍यो । यही गाउँले प्रचण्ड, किरण, बाबुराम, बादललगायत युद्धका कमान्डरहरूलाई आफ्नो ज्यानको परवाह नगरी सम्पूर्ण थबाङ गाउँ उठ्यो, बचायो । तर थबाङका बारेमा केही कोही बोलेनन् लेखेनन् । त्यसैले मैले मेहनतका साथ भाबी पुस्ताका लागि केही इतिहास लेख्न उत्प्रेरणा जाग्यो । केही खोज, केही अनुभूतिहरूलाई चिर्केटामा उतारेर लेख्न सुरु गरे । अन्ततः मैले दस बर्से जनयुद्धले जसरी राजतन्त्रकै अन्त्य गर्‍यो । देश धर्मनिर्पेक्ष र केन्द्रीय सत्तालाई अहिले व्यवहारमा संशोधनवादीहरूले अन्य ढङ्गले चलाए पनि स्थानीय सत्तामा अधिकार लेख्न बाध्य बनाउन तत्कालीन थबाङ केन्द्रित राजनीतिले सफलता हासिल गरेको छ । यसलाई यो क्रान्तिकारी इतिहास बोकेको थबाङ गाउँ पुस्तकले थबाङ र रोल्पाका भावी सन्ततिलाई मात्र हैन, नेकपा (माओवादी) को दस वर्ष जनयुद्धको इतिहास अध्ययनका लागि र क्रान्तिकारी जनताको आधार तयार गर्न खेलिएका भूमिकाहरूलाई उल्लेख गर्ने प्रयास गरेको छु । हुनत यो पूर्ण छ भन्दिनँ । केही विषयवस्तुहरू संशोधन वा थपघट गर्नुपर्नेछ । मेरो स्वास्थ्य र समयले साथ दियो भने पुनः प्रकाशन गर्ने सोचाइ छ । अर्को कुरा मैले मेरो दैनिकी पनि प्रकाशन गर्ने सोचाइ बनाएको छ ।

➲ ***त्यस्तो युद्धको घेराभित्र पनि दैनिकी लेख्न भ्याउनुभयो ?***

मैले सबै भएगरेका अलि स्तरीय लागेमा आफ्नो डायरीमा लेख्ने गर्दछु । जनयुद्धपूर्वका लेखहरू त संरक्षण गर्न सकिएन । अर्को कुरो दस बर्से जनयुद्धका घटनाहरू युद्ध गतिविधिहरूमा हुने भएकाले पनि त्यसबेलाका घटना र कार्यहरूलाई पनि लेखिरहनु त्यति सान्दार्भिक लागेन । जब जनयुद्ध कथित शान्तिप्रक्रियाका नाममा गाउँबाट सहर घेर्ने, छोडेर चटक्कै गाउँ र जनयुद्धकालीन सम्पूर्ण मेहनतका उपलब्धिधहरूलाई छाडेर सहर हेर्न आएपछि मैले मेरो दैनिकी लेख्न सुरु गरेको हुँ । मैले आफ्ना डायरी लेख्दै जाँदा अस्वस्थ भएपछि २०६९ चैत मसान्तदेखि दैनिकीलाई रोकेको छु । तर विशेष घटनाहरू भने लेख्न छोडेको छैन ।

➲ ***तपाईंले दसबर्से जनयुद्धपछिका घटनाक्रमलाई कसरी बुझ्नुभएको छ ?***

यो त पूरै विचलन नै हो नि ! हामीले चिनियाँ कम्युनिस्ट पार्टीको सफलतालाई जसरी बुझेका थियौँ र कोरियाका गतिविधिहरूको जसरी संश्लेषण गरेका थियौँ नेपालको क्रान्तिलाई र विश्व कम्युनिस्ट आन्दोलन त्यो व्यवहारमा नेतृत्वहरूले अर्थात् प्रचण्ड-बाबुरामहरूले जुन तरिकावाट धोका दिए त्यो नै नेपाली जनता र आन्दोलनका नेता, कार्यकर्ता, जनमुक्ति सेना अर्थात् समग्र युद्ध क्रान्ति र आन्दोलनलाई अतुलनीय क्षति भएको छ । सर्वहारा वर्गको मुक्तिका लागि सल्काइएको आगो सीमित व्यक्तिहरूको गोजी भर्न र पद पाउने साधनका रूपमा प्रयोग गरियो । तर अहिले जनयुद्धका कुशल योद्धा क. विप्लवको नेतृत्वमा गठित नेपाल कम्युनिस्ट पार्टीको वैज्ञानिक समाजवाद साम्यवाद प्राप्तिका लागि एकीकृत जनक्रान्तिको कार्यदिशाले प्रचण्ड-बाबुरामले रछ्यानमा फालेको क्रान्तिको झन्डाले सबै क्रान्तिकारीहरूलाई न्याय गर्नेछ ।



*दस वर्षको दीर्घकालीन जनयुद्धलाई एउटी आमाले जसरी आफ्नो बच्चाको स्याहारसुसार गर्दछ त्यसरी संरक्षणसमेत गर्‍यो । यही गाउँले प्रचण्ड, किरण, बाबुराम, बादललगायत युद्धका कमान्डरहरूलाई आफ्नो ज्यानको परवाह नगरी सम्पूर्ण थबाङ गाउँ उठ्यो, बचायो । तर थबाङका बारेमा केही कोही बोलेनन् लेखेनन् । त्यसैले मैले मेहनतका साथ भाबी पुस्ताका लागि केही इतिहास लेख्न उत्प्रेरणा जाग्यो ।*

## कविता

### फगत डुल्न पाएपछि...

हिमाली कान्छो 'योद्धा'

वर्तमानले रमाएपछि विगत भुल्दो रैछ मान्छे
फगत डुल्न पाएपछि जगत भुल्दो रैछ मान्छे

दलाल र भूमाफियाको चुस्की चुस्न पाएपछि
जनसेना र अदालत भुल्दो रैछ मान्छे
जनताको ढिँडो खाई झुपडीमा बस्ने मान्छे
कुर्सी प्रमुख भएपछि फगत डुल्दो रैछ मान्छे

पुँजीवादको महलभित्र एकछिन घुस्न पाएपछि
जनताको झुपडी र सङ्गत भुल्दो रैछ मान्छे
क्रान्तिको बाटो छोडी अक्रान्तिमा लागेपछि
सहिदका सपना र रगत भुल्दो रैछ मान्छे

संसद्वादको मस्ती लुट्न पाएपछि
सपना र आदर्श भुल्दो रैछ मान्छे
समाजवादी नेताहरू पुँजीवादमा गएपछि
फगत डुल्दो रैछ मान्छे

भुइँमा खुट्टा टेक्नै छोडे कुर्ची हातमा पाएपछि
पहिला बस्ने चटाईको लागत, सम्मान भुल्दो रैछ मान्छे
स्वार्थपूर्ति गर्न रमझम सहर घुम्न पाएपछि
गरिबको झुपडी र स्वागत भुल्दो रैछ मान्छे

दलाल साम्राज्यवादको आशीर्वाद पाएपछि
राष्ट्रियता र जनतालाई भुल्दो रैछ मान्छे
वर्तमानले खाएपछि विगत भुल्दो रैछ मान्छे
फगत डुल्न पाएपछि जगत भुल्दो रैछ मान्छे

### प्रिय सिज

अमित मगर, थबाङ रोल्पा

अग्लिएको तिम्रो उचाइ
लगातारको हुरी-बतास अनि
दूषित असिनापानीले पनि
गलाउन र छोट्याउन सकेन ।
मौनतामा ठिङ्ग उभिएर
क्रान्तिको कासन दिइराख्यौ
हजारौँ सपूतहरूको त्याग, तपस्या र बलिदानमा
एन्डिज पहाडझैँ चिङकाङसाङ बनी
हजारौँ बस्ती येनानहरूलाई जन्म दिँदै
बर्गवैरीको लूटको स्वर्गमा विनाशक बम बनी
चुनौती दिँदै अविराम, अविचलित
क्रान्तिपथमा निर्भीक लम्किरह्यौ ।

प्रिय सिज
न्यानो काख जलजलाको अनि धरमपानी शिर
तिम्रै आँगनीबाट लालभन्ज्याङमा उभिएर
एउटा दृढ सङ्कल्प गर्विलो मुट्ठी कसी
नयाँ अभियान सम्झौताहीन
अजय क्रान्तिको ।
लिलाम सपनाको खरानी
अनि खण्डित आस्थाहरूको भग्नावशेषबाट
अझै स्पातिलो बनी
भुत्ते औजारहरूमा धारिलो धार लगाई
हाम्रो स्वप्नसंसार वर्गविहीन समाजको खातिर
स्याउला र मिनचाउको गाउँ
थबाङ अनि जेलबाङबाट
मिनचाउको नदेखिने नेत्रमा नवीन दृष्टिभरि
स्याउलाको घाइते अङ्गमा मालेमावादको
नवीन प्रयोग विचारको मलमपट्टी लगाई
कालीकोटको मालकोट
अनि मालकोटेहरूप्रति
सम्मानको अभिवादन टक्र्याउँदै
फेरि एकचोटि अदम्य साहसका साथ
नझुक्ने, नरोकिने
आवश्यक भए यो नाफाको शिर चढाउने
प्रणका साथ
प्रिय सिज
तिम्र लागि क्रान्तिको गीत गाउँदागाउँदै
बरू चुनु बन्न राजी ।
तिम्रा लागि विद्रोहको
कविता लेख्दालेख्दै
बरू इच्छुक बन्न खुसी ।
सम्झौताहीन
अविराम अजय क्रान्तिको
इन्क्लाब जिन्दावाद ! जिन्दावाद !!

## सङ्घर्षको कसीमा ...

भूमिका खेले।

२०५७ साल चैत १७ कमरेड उमा भुजेलको नेतृत्वमा कमरेड कमला नकर्मी, मीना मरहट्ठा, सञ्जु अर्याल, रीता विक, एन्जिला विकले गोर्खा जेलबाट सुरुङ खनेर जेलबाट बाहिर निस्किएर पार्टीको सम्पर्कमा पुगे । यसले नेपालीक्रान्तिकारी महिलाहरूको इतिहासलाई विश्वसामु पहिचान मात्र बनाएनन्, विश्वक्रान्ति र नेपालीक्रान्तिका लागि निकै ठुलो साहस र उत्साह थपे । १० बर्से महान् जनयुद्धको दौरान नेपालीक्रान्तिकारी महिलाहरू जनमुक्ति सेनाका सयौँ कमान्डरहरू भूमिका निर्वाह गरे । पार्टीको केन्द्रीय समितिमा पुगेर गौरवपूर्ण महान् जनयुद्धको नेतृत्व गरे । जनसत्तामा ५० प्रतिशत महिलाहरू रहेर जनताको सेवामा समर्पित बने। जनमुक्ति सेनामा करिब ४० प्रतिशत महिला सहभागी बने। सबै जनवर्गीय सङ्गठन र मोर्चामा महिलाहरूको सहभागिता गौरवपूर्ण थियो। करिब ३ हजारको हाराहारीमा क्रान्तिकारी महिलाहरूले सहादत प्राप्त गरे । हजारौँ महिला घाइते/अपाङ्ग/बेपत्ता बने। सयौँ महिलाले कष्टपूर्ण यातनासहित जेलजीवन बिताए। यसले क्रान्तिमा महिलाहरूको भूमिका कति उल्लेख्य र महत्वपूर्ण हुन्छ भन्ने कुरा नेपालमा मात्र हैन, विश्वक्रान्तिको इतिहासमै उल्लेख्य पहिचान बनाएर विश्वक्रान्तिको इतिहासमा दरिलो ढङ्गले उभिएको छ। त्यस्तै, २०६२/६३ को आन्दोलनमा पनि महिलाहरूले महत्वपूर्ण भूमिका खेले । १० बर्से महान् जनयुद्धको ऐतिहासिक वैचारिक विरासतलाई प्रचण्ड-बाबुराम मण्डलीले धोका दिए, गद्दारी गरे । उनीहरू अहिले दलाल-सामाजिक दलाल पुँजीवादको असली अनुयायी बनेर दलाल सत्ताको पाले भई राष्ट्रविरोधी, जनविरोधी, जनक्रान्ति विरोधी बनेर उभिएका छन्। जनक्रान्तिलाई दमन गर्न षड्यन्त्र गर्दै सामाजिक दलाल सत्ताको दरबारभित्र रमाउँदैछन्।

### आजको परिवेश र निकास

आज पनि देशमा दलाल तथा सामाजिक दलाल पुँजीवादी सत्ता कायम छ । सत्ता सञ्चालकहरू बदलिएका छन तर प्रवृत्ति उही पुरानै छ । उत्तर साम्राज्यवादको पाउमा लम्पसार परेर आफ्नो कुर्सीको आयु लम्ब्याउने खेलमा नेपाली दलाल सत्ताका मतियार लागिपरेका छन् । राष्ट्रघात र जनघातका गतिविधिहरू रोकिएका छैनन् । देश भ्रष्टाचारी, कालोबजारिया, तस्करहरूको रजाइँस्थल बनेको छ। हत्याराहरूको सक्रियता बढ्दो छ । दलाल सत्ताको किचन बैठकभित्र विचौलिया र ठेकेदारहरूको पहुँच बढेको छ। राजनीतिलाई तस्कर, भ्रष्टाचारी, ठेकेदार, कालोबजारिया, व्यापारीहरूको मोज गर्ने स्थानमा रूपान्तरण गरिएको छ। निगम पुँजीवादको चलखेलले आर्थिक चरित्रमा एकातिर दलालहरूको हातमा छ भने अर्कोतिर विचौलियाहरूको कब्जामा पुगेको छ। यस्तो परिवेशमा यो दलाल/सामाजिक दलाल संसदीय सत्तालाई बदल्न आवश्यकता मात्र हैन, अनिवार्य भइसकेको छ। त्यसैले यो महाअभियानमा लाग्न सबै देशभक्त, राष्ट्रभक्त, किसान, महिला, मजदुर, युवा, विद्यार्थी, शिक्षक, कर्मचारीलगायत सबै एकतावद्ध हुन आवश्यक छ।

२०५२ सालमा १० बर्से महान् जनयुद्धको सुरुआत त भयो तर नेपालीक्रान्ति पूरा भएको छैन । वैज्ञानिक समाजवादी क्रान्ति पूरा गरिछाड्ने प्रतिवद्धतासहित आदरणीय महासचिव क. विप्लवको हातमा नेतृत्व आइपुगेको छ । क्रान्ति अघि बढाउन नेपाल कम्युनिस्ट पार्टीको नामबाट पार्टी पुनर्गठन भएको छ । आजको वस्तुनिष्ठ राष्ट्रिय/अन्तर ाष्ट्रिय परिस्थितिको सही मूल्याङ्कन गरेर एकीकृत जनक्रान्तिको कार्यदिशा तयारी भएको छ । देशभर जनसत्ताको गतिविधिहरू सलबलाउँदैछन्। राष्ट्रघाती र जनघातीविरुद्धको कारवाहीहरू अघि बढ्न थालेका छन् । क्रान्तिकारीहरूको अनुहारमा फेरि आशाका किरणहरू देखिन थालेको छ । एकीकृत जनक्रान्तिको गौरवपूर्ण यात्रालाई पूरा गर्दै वैज्ञानिक समाजवादी सत्ता स्थापनार्थ नेपाली महिलाहरू फेरि जाग्नेछन्, जुर्मुराउनेछन् र नेपालीक्रान्तिले माग गरेको भूमिकामा फेरि नेपाली महिलाहरू जुट्नेछन्, यही प्रतिवद्धता आजको महिला आन्दोलनले लिनुपर्ने आवश्यकता छ।

## एकीकृत जनक्रान्ति ...

यति सजिलो बनाइदिएको छ। सामूहिक सौदाबाजीका नाममा ट्रेड युनियनलाई किन्ने र पुँजीवादीको आफ्नो संस्था बनाएर प्रयोग गर्ने, थोरै दिएर धेरै लुट्ने र आफ्नो लूटको सत्ता जोगाउने कार्यमा तल्लीन भएका छन् तर त्यो कुनै अचम्मित विषय होइन । आफ्नो सत्ता बचाउने र आफू सधैँ बलियो रहने र मजदुरको पसिना लुट्ने पुँजीवादको धर्म नै हो। धर्म छाड्ने त आफूलाई श्रमिकका नेता नै पुँजीपतिका असली कामदार बन्नुमा हो । त्यसैले आमश्रमिकका अधिकार प्राप्त गर्नका लागि ट्रेड युनियनवादको विरोध गर्दै राजनीतिक मुद्दा बोकेको ट्रेड युनियनको अहम भूमिका रहन जरुरी छ।

**४. एकीकृत जनक्रान्ति र ट्रेड युनियन**

विश्व श्रमिक आन्दोलनको तीन सय वर्षको इतिहास, नेपालको श्रमिक आन्दोलनको सात दशकको पृष्ठभूमि र किसान आन्दोलनको एकमुष्ठ संश्लेषणका आधारमा तयार पारिएको आमश्रमिक जनताको मुक्तिको सपना एकीकृत जनक्रान्ति भनेको आमजनताको अधिकार प्राप्त हुने वैज्ञानिक समाजवादी व्यवस्थाको मार्गनिर्देशक सिद्धान्त हो । यसबाट सामाजिक अन्तरविरोधको हल र असामान आर्थिक वितरणको अन्त्यसँगै सिर्जनशील तवरबाट संसारभरिका जनता मुक्त हुने अवसर सिर्जना हुनेछ।

जसले औद्योगिक विकास र असल औद्योगिक सम्बन्धको समेत मार्गप्रशस्त गरेको छ। असल पेसागत सम्बन्धको विकासमा राजनीतिक अधिकारको मर्यादित र सहसम्बन्धमा आधारित प्रयोगबाट मात्र प्राप्त अधिकारको दिगोपनाको सुनिश्चितता हुन पुग्छ।

समाजमा भएको अन्तरविरोध भनेको असमान आर्थिक वितरण हो । यसको नेतृत्व अहिले दलाल पुँजीवादले गरेको छ । यसको उच्च रूप निगम पुँजीवाद हो । हाम्रासामु अहिले सामाजिक दलाल पुँजीवादी सत्ता चुनौती भएर खडा भएको छ। यसको आयु लामो छैन । त्यही भएर निरङ्कुश तवरबाट दमन र धरपकडमा उत्रिएको छ। मजदुरमाथि गोली बर्साउने राजनीतिक अधिकार र मानवअधिकारमाथि धावा बोल्ने र ट्रेड युनियन अधिकारको बर्खिलाप गर्दै बौलाहा कुकुरजस्तै सडकमा भुकिरहेको छ। यसको विरोधमा सङ्गठित हुने र सङ्गठनमार्फत रचनात्मक प्रक्रियाको अवलम्बनद्वारा हकअधिकार प्राप्त गर्ने प्रक्रिया हाम्रो यतिबेलाको कार्यभार हो । वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिपछि आममजदुर वर्गलगायत आमजनतामा कानुनमा नै सबै अधिकार सुनिश्चित भएर आउनेछ । ट्रेड युनियन, कर्मचारी सम्बन्ध कुनै पनि असमान व्यवहार र असमान आर्थिक व्यवस्थापन अन्त्यसँगै सेवालाई व्यवस्थित बनाउनेछ । जनताका सबै निकायहरूमा जनमैत्री सार्वजनिक सेवाप्रदायक संस्थाको अनुभूति दिलाउन भने सक्नु पर्दछ। यस सन्दर्भमा ट्रेड युनियन संस्था र ट्रेड युनियनकर्मीहरूलाई एकीकृत क्रान्तिमा रचनात्मक भूमिकाका साथसहयोग पुऱ्याउनुपर्दछ। ट्रेड युनियनको आन्दोलनसँग जोर्दै क्रान्तिको व्यवस्थापनको सहयोगी मात्र होइन, नेतृत्वदायी भूमिकाका रूपमा उभ्याउँदै प्रतिस्पर्धी रूपमा ट्रेड युनियन आन्दोलनलाई रूपान्तरण गर्दै क्रान्तिको प्रश्रय पाउन सक्ने सम्भावनालाई दरो गरी ट्रेड युनियनमा उभ्याउनुपर्ने आवश्यकता छ।

ट्रेड युनियन अधिकारको ग्यारेन्टी क्रान्तिप्रति आधारित भएर मात्र प्राप्त अधिकारको दिगोपनको सुनिश्चितता हुन पुग्दछ । हरेक अवसरसँग कैयन् चुनौती र हरेक चुनौतीसँग असङ्ख्य अवसरहरू रहेकै हुन्छन् भन्ने यथार्थ ट्रेड युनियनको सन्दर्भमा पनि लागू हुनु स्वाभाविकै हो । तसर्थ अवसरको अत्यधिक उपभोग र चुनौतीको न्यूनीकरण गर्नेतर्फ हाम्रा साझा प्रयासहरू एकीकृत जनक्रान्तिमा परिलक्षित हुनु आवश्यक देखिन्छ।

## भूमाफियाविरुद्ध ...

इत्यादि भन्ने समाचार भ्रामक, कपोलकल्पित, तथ्यहीन, षड्यन्त्रपूर्ण र बदनियतपूर्ण रहेको प्रस्ट पारिएको छ।

नेकपाका ललितपुर सेक्रेटरी विपीन शर्माले आफूसँग जोडेर केही अनलाइन समाचार संस्थाहरूले केही दिनदेखि निरन्तर भ्रामक र तथ्यहीन समाचार प्रकाशित गरिरहेको बताएका छन्। शर्माले उक्त समाचार झूट्टा र जनताको पक्षमा अधिकारको सङ्घर्षमा खटिएका नेता-कार्यकर्तालाई बदनाम गराउने नियतबाट प्रेरित रहेको जनाएका छन्। शर्माले उक्त समाचार कुत्सित स्वार्थ पूरा गर्ने उद्देश्यबाट लेखिएको भन्दै संस्थालाई खण्डन गर्नसमेत चेतावनी दिइएका छन्।

## एन आइसी ...

प्रतिनिधी, सम्बन्धित वडा कार्यालयका प्रतिनिधी, भक्तपुर जिल्ला प्रहरी कार्यालयका प्रतिनिधी, लगायतको रोहवरमा उक्त रकम निकासा दिने बताएको छ। उक्त बैकले रकम निकासा गर्नको लागि संयुक्त खातावालहरुले हाम्रो खातामा रहेको रकम इन्जिनियरिङ कलेजलाई उपलब्ध गराएमा हाम्रो मन्जुरी छ सो रकम हस्तान्तरण गर्ने सम्बन्धमा कुनै विवाद सिर्जना भई यस बैकलाई हानी नोक्सानी भएमा सोको सोध भर्ना गर्नेछौँ भनी निवेदन पेश गर्नुपर्ने बताएको छ । उक्त बैकले विद्यालयका प्रिन्सीपल, सहायक प्रीन्सीपल, जनरल एडमिनिष्ट्रेटर र कनिष्ठ एडमिनिष्ट्रेटरको नाममा कलेजलाई हालै पठाएको पत्रमा संचालक समितिविचको विवाद, रकमको स्रोत, संचालक समितिको आधिकारीकता जस्ता विषयमा अड्चन थापेर कलेजको रकम रोक्का गरेको छ । तर विद्यालयको संचालक समितिको नाममा नभई ब्यक्तिको नाममा खोलिएको खाता रोक्का गरेर बैक कालो धन्दा गर्नतिर लागेको खातावाल विद्यालय संचालक समितिका सदस्य र शिक्षकहरु बताउँछन्। सामाजिक सेवाको उदेश्यले खोलीएको उक्त कलेज ब्यक्तिगत प्रा.लि बनाउने चलखेल बढेपछि प्रा.लि बनाउन खोज्ने र सामाजिक सेवामुलक संस्था बनाउन खोज्नेबिच लामो समयदेखि विवाद रहँदै आएको छ । २ हजार भन्दा बढि विद्यार्थीको भविश्यलाई मध्यनगर गर्दै आफूहरुले विद्यालय संचालन गर्नको लागि बैंकमा जम्मा गरेको रकम विनाकारण रोक्का गरेर बैकले बेइमानी गरेको विद्यालयका प्रिन्सिपल शिक्षक कर्मचारीहरु बताउँछन्। उनीहरुले कलेजको विषयमा देखिएको विवाद पहिले बैकलाई जानकारी गराएरै ४ जना व्यक्तिका नाममा खाता खोलेपछि संचालक समितिको आधिकारीताको विषयमा विवाद झिकेर बैकले बेइमानी गरेको कलेजका कर्मचारीहरुले बताएका छन्।

## समृद्धिको ...

विषयमा घटनामा संलग्नलाई सुरक्षा संयन्त्रले पक्राउ गर्ने, आवश्यक दण्ड दिने र जनतालाई शान्तिसुरक्षाको बोध गराउन सकेको छैन । दिनदहाडै हुने व्यक्ति हत्या, आतङ्क, लुटपाट, बलात्कार, कालोबजारी कमिसनका घटना रोक्नेतर्फ सरकार उदासीन देखिएको छ। उल्टै सरकार यो देशमा जनताको उन्नत समाजवादी व्यवस्था वैज्ञानिक समाजवाद स्थापना हुनुपर्दछ भन्ने मान्यतामा अघि बढेको राजनीतिक पार्टी नेकपाका नेता-कार्यकर्ताहरूलाई जेल र हिरासत हाल्न र झूट्टा मुद्दा लगाउनेतर्फ अग्रसर छ। सरकारी अधिकारीहरू भन्ने गर्दछ- यो देशमा विप्लव सबैभन्दा सुरक्षा चुनौती हो। राज्यले के बुझ्नु पर्दछ भने नेकपा समस्या होइन, समाधान हो। दलाल संसदीय व्यवस्थाविरुद्ध समाजको आमूल परिवर्तनका पक्षमा आवाज उठाउने क्रान्तिकारी तप्का हो। बरु समस्या त दिनदहाडै व्यक्ति अपहरण गरी हत्या गर्नेहरू हुन् । समाजमा निर्दोष बालिका बलात्कार गर्नेहरू समस्या हुन् । टेबुलमुनिबाट घुस लिने कमिसनखोर र दलालहरू समस्या हुन्। यस्तै बढ्दो बेरोजगारी र महँगी अर्को समस्या हो।

समृद्ध नेपालको भाषण गरेर नथाक्ने सरकारले प्रत्येक वर्ष जस्तै यो वर्ष पनि बाढी र पहिरोमा परी दर्जनौँ मानिसको ज्यान जाँदा पनि उद्धार र राहतमा तदारुकता देखाउन सकेन। तराई क्षेत्रमा सयौँ बस्ती डुबानमा परेर ठूलो धनजनको क्षति हुँदा सरकारी निकाय मूकदर्शक बन्यो । देशका विभिन्न ठाउँमा मानिसको ज्यान गइरहँदा र अझै पनि कतिपय नदीआसपासका दर्जनौँ बस्ती उच्च जोखिममा रहँदा पनि उक्त बस्ती स्थानान्तरण, उद्धार र राहतका लागि कुनै पहल र पूर्वतयारी गरेको छैन। सचेत रहनु भनी मौखिक आदेश दिनेबाहेक अन्य कुनै ठोस कार्यक्रम अगाडि ल्याउन सक्ने अवस्थामा सरकार देखिँदैन । समाजमा दिनदिनै हत्याहिंसाका घटनामा कुनै कमी नआउँदा र प्राकृतिक विपत्तिले ठूलो धनजनको क्षति हुँदा पनि कुनै प्रभावकारी कार्यक्रम ल्याउन सरकार असफल देखिएको छ। यावत् कारणहरूले गर्दा आफूलाई राष्ट्रवादी भन्ने केपी सरकार दिनदिनै असफल र आलोचित बन्दै गएको छ । आममानिसलाई सरकार समृद्धिको दिशामा नभई उल्टो दिशामा अघि बढिरहेको अनुभूति भइरहेको छ।

## राजधानीमै अपहरण ...

मा फोन गरेर घटनाको विवरण बताएपछि प्रहरीले खोजी सुरु गऱ्यो। अन्ततः आइतबार बिहान भक्तपुर मध्यपुरठिमीको निमकच्चामा सडकबाट केही टाढा एक निर्माणाधीन घरको जगमा गाडिएको अवस्थामा निशानको शव भेटियो। चमेलीले प्रहरीलाई दिएको विवरण, घटनाको अनुसन्धान र सिमकार्डका आधारमा अपहरणकारी भक्तपुरकै सूर्यविनायक ८ मा पर्ने पाइलट बाबाको जङ्गलतिर गएको थाहा भयो। प्रहरी त्यहाँ पुग्यो। सोही ठाउँमा प्रहरीको 'इन्काउन्टर' मा शङ्कास्पद दुई व्यक्ति मारिए। उनीहरू नुवाकोट घर भएका गोपाल तामाङ र सिन्धुपाल्चोक घर भएका अजय तामाङ थिए। प्रहरीले उनीहरूबाट पेस्तोल र त्यसको गोली बरामद गरेको बताएको छ। अपहरणपछि हत्या गरिएका बालक निशानका बाबु वैदेशिक रोजगारको सिलसिलामा मलेसियामा मजदुरी गर्दछन् । निशानको परिवार कुनै उच्च आयस्रोत भएको र पैसावाल पनि देखिँदैन। अर्को, अपहरणकारी र चमेलीको परिबारबीच कुनै मनमुटाव र रिसइबि भएको पनि देखिँदैन। तर पनि चमेलीका श्रीमान्ले विदेशबाट पठाएको पैसा जम्मा गरेर राखेको थाहा पाएर अपहरणकारीले अपहरणको योजना बनाएको हुनसक्ने प्रहरीको अनुमान छ।

हामी बाँचिरहेको समाजमा एउटा कहालीलाग्दो तरिकाले निर्दोष र अनाथ बालकको अपहरणपछि हत्या भएको छ। दिनहुँ समाजमा यसरी अपरहण र बलात्कारपछि हत्याका घटना बढेका छन्। छुवाछूत र बोक्सीको आरोपमा कुटपिट, छाउपडी गोठमा किशोरी बलात्कृत हुने वा मारिने घटना समाजका कलङ्क हुन्।

# संक्षिप्त समाचार

## बाढीपहिरोको वितण्डा

केही दिनदेखिको अविरल वर्षाका कारण देशका विभिन्न ठाउँमा ठूलो धनजनको क्षति हुनुका साथै जनजीवन निकै प्रभावित भएको छ। वर्षापछि आएको बाढी पहिरोको कारण देशका विभिन्न ठाउँमा मानिसहरूको मृत्यु भएको छ। शनिबारदेखिको अविरल वर्षा नरोकिएपछि तराई क्षेत्रको जनजीवन डुबानले प्रभावित भयो भने पहाडी क्षेत्रको जनजीवन पहिरोको चपेटामा पऱ्यो। यो अवधिमा कम्तीमा बाढीपहिरोमा परी डेढ दर्जनभन्दा बढीको ज्यान गइसकेको छ। कतिपय ठाउँमा मानिस अझै हराइरहेका छन्।

जाजरकोटको ठाँटी बजारमा गएको पहिरोमा परी एकै ठाउँमा ९ जनाको ज्यान गएको छ भने बोहोरागाउँमा १ जनाको ज्यान गएको छ। यस्तै बाँकेमा चारजनाको मृत्यु भएको छ भने रोल्पामा तीनजनाको मृत्यु भएको छ। दाङमा एकजनाको ज्यान गएको छ भने पर्सामा बाढीले वगाउँदा एकको मृत्यु भएको छ। उता कैलालीमा घर भत्किँदा एकजना र सिन्धुलीमा एकजनाको मृत्यु भएको छ। यता काठमाडौँ, ललितपुर र भक्तपुरको जनजीवन पनि वर्षाले नराम्ररी प्रभावित गरको छ।

भक्तपुरको हनुमन्ते खोलाले बगाउँदा एकजनाको मृत्यु भयो। उता रोल्पामा लगातारको पानीपछि खसेको पहिरोमा परी एक सुत्केरीसहित तीनजना पुरिए।

वर्षापछिको पानीले गर्दा तराई क्षेत्र अत्यधिक प्रभावित भयो। पूर्वमा मोरङको विराटनगर, सुनसरीको इटहरी, जनकपुर, वीरगन्ज, पश्चिममा नेपालगन्जको बाँके, बर्दिया र कैलाली जिल्ला डुबानबाट बढी प्रभावित भए। त्यस क्षेत्रमा खोलाकिनारमा बस्नेहरू, त्रिपाल र साना झुपडीमा बस्नेहरू अत्यधिक मारमा परे।

यस्तै राजधानी जोड्ने पृथ्वी राजमार्ग ठाउँठाउँमा पहिरो खस्दा सडक अवरुद्ध हुन पुग्यो भने उता कर्णाली राजमार्ग यो विवरण तयार पार्दासम्म बन्द छ। जोखिमपूर्ण सडक नारायणगढ-मुग्लिन सडकखण्डमा लगातार पहिरो खस्दा यात्रु घन्टौँ जाममा बस्नुपर्ने अवस्था छ। यस्तै अविरल वर्षासँगै नदीहरूमा पानीको बहाव निकै बढेर खतराको बिन्दुमा पुगेको छ। पूर्वको कोसी, पश्चिमको राप्ती, बबई र महाकाली नदी आसपासका बस्ती जोखिममा परेका छन्।

देशभर मानिसहरू बाढीपहिरोको जोखिममा परेर जनधनको समेत क्षति हुँदा सरकार र सरोकारवाला निकाय भने मौन बसेका छन्। सरकारी निकायले निर्देशन दिनेबाहेक राहत र उद्धारका काममा तदारुकता देखाउन सकेको छैन । संसद्मा समेत राजनीतिक दलका नेताहरूले बाढीपहिरोबाट देशैभरि भएको क्षतिका विषयमा बेखबरजस्तै देखिएका छन् । नदी र खोला क्षेत्र अतिक्रमण गर्नु, अव्यवस्थित सहरीकरण, नेपाललाई प्रत्यक्ष असर पर्ने गरी बनाइएको गण्डक नहर, कोसी ब्यारेजलगायत कारणहरूले पनि बर्सेनि तराई क्षेत्रका जनताले सास्ती बेहोर्दै आइरहेका छन्। यी विषयलाई बेवास्ता गरे अझै पनि आगामी वर्षहरूमा झन् ठूलो धनजनको क्षति हुन सक्ने विज्ञहरू बताउँछन्।

## कैलालीमा सुकुमबासी सम्मेलन

**महेश पातली, कैलाली**

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घ कैलालीको प्रथम जिल्ला सम्मेलन सम्पन्न भएको छ। सम्मेलनले सन्जु चौधरीको अध्यक्षतामा २७ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ। कार्यसमितिको उपाध्यक्षमा हर्क देबा, सचिवमा धनबहादुर विक, सहसचिवमा सर्जन शाही र कोषाध्यक्षमा शम्भु शाही रहेका छन्। सदस्यमा लोकेन्द्र शाही, पूर्ण खड्का, अमर भण्डारी, प्रकाश चौधरी, नरबहादुर धामी, आशाराम चौधरी, लौहन चौधरी, हरिप्रसाद चौधरी, लीला बीसी, जैसिंह सुनार, नन्दा विक, चन्दु परियार, कमल विरही विक, सल्मा चौधरी, महनराज, मुन्नी चौधरी, शिवप्रसाद चौधरी, दिनेश सिंह र धनबहादुर रावल रहेका छन्।

जिल्ला सम्मेलन उद्घाटन हुनुपूर्व हजारौँ जनताको सहभागितामा ऱ्याली निकालिएको थियो । सम्मेलनमा अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घका केन्द्रीय उपाध्यक्ष मीनराज गिरी उपस्थित थिए । त्यस्तै अन्य अतिथिमा नेपाल कम्युनिस्ट पार्टी सेती ब्युरो सदस्य विवेक कुमाल, अखिल (क्रान्तिकारी) कैलालीका अध्यक्ष बबरजङ्ग सिंह पनि उपस्थित थिए। कार्यक्रमको अध्यक्षता अखिल नेपाल भूमिहीन सुकुमबासी सङ्घ कैलालीका निवर्तमान अध्यक्षले गरेका थिए। नवनिर्वाचित जिल्ला कार्यसमितिकी अध्यक्ष सन्जु चौधरीले भूमिहीन सुकुमबासीका पक्षमा निरन्तर लड्ने प्रतिबद्धता व्यक्त गरेकी छिन्।

## नेकपाका नेतालाई बनावटी मुद्दा

अदालतले रिहाइको आदेश गरेका नेकपाका पोलिटब्युरो सदस्य ओमप्रकाश पुनलाई फेरि अदालत परिसरबाटै पक्राउ गरिएको छ । नेता पुनलाई बर्दिया जिल्ला अदालतको आदेशमा रिहा गरिए पनि पुनः पक्राउ गरी बाँके जिल्ला प्रहरी कार्यालयमा लगिएको छ। पुनलाई पक्राउ गर्नुको कुनै कारण नभए पनि नेकपा सम्बद्ध भएकै कारण पक्राउ गरी बनावटी मुद्दा लगाइएको बताइएको छ। यसअघि सर्वोच्च अदालतले रिहा गरे पनि पुनलाई विस्फोटक पदार्थको झूट्टा मुद्दा लगाएर म्याद थपी बर्दिया पुऱ्याएको थियो । उनलाई असार १९ गते काठमाडौँको लाजिम्पाटबाट बाटोमा हिँडिरहेको अवस्थामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले पक्राउ गरेको थियो । पुनलगायत नेकपाका तीन पोलिटब्युरो सदस्य पदम राई, कृष्ण धमला र मोहन कार्की प्रहरी थुनामा छन्।

## नेकपाका नेता–कार्यकर्ता ...

अपराह्न प्रहरीले गिरफ्तार गरेको हो । कोठामा बिसरहेको अवस्थामा प्रहरीले अपहरण शैलीमा गिरफ्तार गर्नु राज्यको गैर जिम्मेवारीपन भएको स्पस्ट भएको छ । यो समाचार तयार पार्दासम्म उहाँको अवस्था अज्ञात रहेको छ।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी सुनसरीका जिल्ला सेक्रेटरी पुष्प कोइराला र कोसी ब्युरो सदस्य डीबी सिलवाललाई शुक्रबार प्रहरीले गिराफ्तार गरेको छ। सेक्रेटरी कोइरालालाई सुनसरीको इटहरी हलगडाबाट बाटोमा हिँड्दै गर्दा र सिलवाललाई सोही ठाउँमा रहेको डेराबाट पक्राउ गरिएको नेकपाले जनाएको छ। प्रहरीले घेरा हालेर गिरफ्तार गर्नुका साथै स्थानीय जनताका घरहरूमा छापामारेर आतङ्कित पार्ने काम गरेको भन्दै उक्त पार्टीका सुनसरी जिल्ला इन्चार्ज प्रज्वल श्रेष्ठले विज्ञप्ति जारी गर्दै घटनाको विरोध तथा भर्त्सना गरेका छन् । पक्राउपछि दुवैजनालाई प्रहरीले कसैसँग भेट गर्न दिइएको छैन । राजनीतिक आस्थाकै आधारमा गिरफ्तारसँगै स्थानीय सर्वसाधारणको घरमा समेत प्रहरीले अनावश्यक रूपमा छापामारेर आतङ्कित बनाएको स्थानीयले बताएका छन् । प्रहरीले निर्दोष नागरिकको घरमा छापामारेर दुःख दिएको भन्दै उनीहरूले विरोध गरेका छन्।

प्रज्वलद्वारा जारी विज्ञप्तिमा भ्रष्टाचार, कालोबजारी, महँगी र चौतर्फी जनतामाथि भइरहेको शोषण र विभेदविरुद्ध सङ्घर्ष गर्दा जिल्ला सेक्रेटरी कोइराला र ब्युरो सदस्य सिलवाललाई बिनाकारण गिरफ्तार गरेको भन्दै आपत्ति जनाइएको छ।

पछिल्लो समयमा नेकपाका नेता कार्यकर्तालाई बिनाकारण धरपकड,, गिरफ्तार गर्ने र पार्टीको शान्तिपूर्ण कार्यक्रममा प्रहरीले हस्तक्षेप बढाउँदै लगेको छ। प्रचण्ड-ओली सरकारले नागरिकको मौलिक हकसमेत उल्लंघन गरेको भन्दै मानवअधिकारकर्मीहरुले विरोध गर्दै आइरेका छन्। यस अघि पनि नेकपाका चार जना पोलिट ब्युरो सदस्य पदम राई, ओम पुन, कृष्ण धमला (गम्भीर) र मोहन कार्की (जीवन्त)लाई विभिन्न स्थानबाट प्रहरीले गिरफ्तार गरी झुठा मुद्दा लगाएको छ।

नियमित

# दलित मुक्ति आन्दोलनको कार्यदिशा



हरि नेपाली

दलित समुदाय दक्षिणएसिया र नेपालमा अमानवीय, विभेदपूर्ण, उत्पीडन र उपेक्षा भोगिरहेको श्रमजीवी समुदाय हो । संसारभरिका सर्वहारा, श्रमिकवर्गले जस्तै नेपालका दलित समुदायले पनि भीषण दमन बारम्बार उत्पीडनबाट मुक्तिको बाटो खोज्दै आएका छन् । आफ्नो स्थापनाकालदेखि नै सडक सङ्घर्षमा रहेको यो समुदायले सबै परिवर्तनकारी राजनीतिक सङ्घर्षमा आफ्नो सक्रिय उपस्थिति देखाएको छ। खासगरी नेपालको राजनीतिक इतिहासमा महत्वपूर्ण स्थान राख्ने २००७/२०४६/२०५२ हुँदै २०६२/०६३ को जनआन्दोलनसम्म आइपुग्दा मुलुकमा सङ्घीयता, धर्मनिरपेक्षता र गणतन्त्र स्थापना भए पनि सीमित अभिजातवर्गको संसदीय राजनीतिक व्यवस्थामा कुनै परिवर्तन हुन सकेको छैन ।

विवादित दोस्रो संविधानसभामार्फत घोषित २०७२ को संविधानको भाग ३ को मौलिक हकको धारा २४ मा जातीय छुवाछूत तथा भेदभावविरुद्धको हकको व्यवस्था गरिएको छ जसमा जातीय भेदभाव तथा छुवाछूतजन्य कार्यलाई जघन्य सामाजिक अपराध किटान गरी सार्वजनिक तथा निजी स्थानमा समेत जातीय विभेद गर्न नपाइनेलगायत आंशिक सुधारका कुरा भए पनि राज्यको मूल चरित्रमा कुनै फेरबदल आएको छैन । कागजी संविधानमा कहाँ के लेखियो भन्ने भन्दा पनि राज्यको मूल चरित्र कस्तो छ र सत्तामा कुन वर्ग-समुदायको हालीमुहाली छ भन्ने कुराले नै अधिकार प्राप्तिको निर्धारण हुँदो रहेछ भन्ने कुरा विवादित सङ्घीय, प्रदेश र स्थानीय चुनावमा दलितहरूको प्रतिनिधित्वले प्रस्ट पारेको छ । स्वतन्त्र सर्वेक्षणअनुसार दलितहरूको जनसङ्ख्या बढी देखिए पनि सरकारी तथ्याङ्कअनुसार १३.८ प्रतिशत रहेको यो समुदायको प्रतिनिधित्व हालको कार्यपालिकामा ४.७ व्यवस्थापिकामा ६.९ र न्यायपालिकामा शून्यको अवस्थामा छ। राष्ट्रिय सभामा ११.८ प्रतिशत रहे पनि यसको खासै महत्व छैन। प्रदेशतर्फ प्रदेश एकमा ३.२२ प्रतिशत, दुईमा ४.६७ प्रतिशत, तीनमा १.८१ प्रतिशत, चारमा ६.६ प्रतिशत, पाँचमा ८.०४ प्रतिशत, छमा ७.५ प्रतिशत र सातमा ७.५४ प्रतिशत रहेको छ भने प्रदेश कार्यपालिकामा एकजना दलित पनि छैन। त्यस्तै स्थानीय निकायमा एक सय पैंतीस ठाउँमा दलित महिला वडा सदस्य खाली छ भने महानगर, उपमहानगर र नगरपालिकाको मेयरमा १.३६ प्रतिशत उपमेयरमा ३.७५ प्रतिशत र गाउँपालिका अध्यक्षमा ०.८ प्रतिशत र उपाध्यक्षमा ३.०४ प्रतिशत मात्र प्रतिनिधित्व छ । माओवादीले जनयुद्ध सुरु गरेपछि दलित समुदायवाट हुने विद्रोहलाई रोक्न शासकहरूले २०५४ मा स्थापना गरेको दलित विकास समिति कथित शान्ति स्थापना र संविधान निर्माणसँगै विघटित अवस्थामा छ । दलितहरूको हजारौंलाखौंको सङ्ख्यामा सहभागितासहित जब जनयुद्धले आममुक्तिकामी जनताको नेतृत्व गर्न थाल्यो तब आमदलित समुदायका नेता, कार्यकर्ता र जनसमुदायको आँखामा छारो हाल्न हतारहतार तोकआदेशको भरमा २०५८ मा स्थापित दलित आयोग पनि कथित संवैधानिक आयोग बनाउने बहानामा निष्क्रिय बनाउँदै उच्च शासक वर्गको निगरानीमा कैद गर्ने प्रपञ्च रचिएको छ भने २०१९ मा राजाले बनाइदिएको समाज विकास छात्रावास पनि एनजीओकरण भइसकेको बुझिन्छ। तसर्थ यो दलाल संसदीय व्यवस्थामा दलितहरूको पूर्ण मुक्तिको त कल्पना पनि नगरौं, भएका सामान्य अधिकार पनि खोसिँदै जाने देखिन्छ। यसबाट सहज रूपले के बुझ्न सकिन्छ भने हिन्दु वर्णाश्रम जात-व्यवस्थाको सामाजिक कुसंस्कारमा आधारित यो दलाल संसदीय व्यवस्थालाई जति रङरोगन गरेर जति महिमामण्डित गरिए पनि राज्यका मूल अवयवहरू (कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका संस्कृति, सेना, अर्थतन्त्र) मा आमूल परिवर्तन नगरीकन दलित मुक्तिका लागि सामान्य सुधारको कुनै अर्थ छैन ।

हामीले विगत र वर्तमानको हिन्दु सामन्ती सत्ता र संस्कृतिको समीक्षा गर्दा अब दलित मुक्ति आन्दोलनको स्वरूप र कार्यदिशामा नयाँ ढङ्गले नसोच्ने हो भने वास्तविक दलित मुक्ति सम्भव छैन । नेपालको राजनीतिक आन्दोलनजस्तै दलित मुक्ति आन्दोलन पनि यथास्थिति, सुधारात्मक र आमूल परिवर्तन गरी तीन भागमा विभाजित रहँदै आएको छ। अहिले दलाल पुँजीपति शासकवर्ग र उत्पीडित शासितवर्ग समुदायबीचको वर्गीय तथा सामाजिक-सांस्कृतिक अन्तर्विरोध भीषण टकरावमा आमनेसामने छन् । हाम्रो मुक्ति पनि समग्र देशको आमूल परिवर्तनकारी क्रान्तिकारी आन्दोलनसँग अभिन्न रूपले जोडिएको छ । वैदेशिक हस्तक्षेपबाट देश र आमनेपाली जनता मुक्त नभईकन दलित समुदायको मात्र छुट्टै मुक्ति सम्भव हुँदैन । दस प्रतिशत दलाल पुँजीपतिवर्गले शासन गर्ने संसदीय राज्यव्यवस्थामा केही मात्रात्मक सुधार मात्र होइन, आमूल परिवर्तन गरेर आमश्रमजीवीवर्ग र दलित समुदायको हितअनुकूलको वैज्ञानिक समाजवाद स्थापना गर्ने सङ्घर्षको मूल लक्ष्य निर्धारण हुनुपर्छ ।

जातीय छुवाछूत र भेदभावको युगीन दासत्व सहेर बसेको दलित समुदायले आफ्नो मुक्तिका लागि वर्गीय सङ्घर्षका दुवै रूपलाई उचित समायोजन गर्दै भीषण वर्गसङ्घर्षमा लामबद्ध भएर अगाडि बढ्नु दलित आन्दोलनको साझा सवाल हो। क्रान्तिका विविध चरणहरूमा तथा नयाँ सत्ता प्राप्तिपछि पनि आदतको सत्ताका विरुद्ध निरन्तर सर्वहारा सांस्कृतिक क्रान्तिलाई देशव्यापी अभियानका रूपमा घनीभूत पार्दै राज्यसत्ताका आधार संरचना र उपरिसंरचनाका अन्तर्वस्तुमा दलित, श्रमिकवर्गलाई स्थापित गर्दै र सामाजिक सत्ताका स्वरूपहरूलाई पूर्णतया बदलेर नयाँ रूपमा विकास गरी लानुपर्छ । यो आन्दोलन विशिष्टीकृत रूपमा जातीय आन्दोलन मात्र हैन, यो एक सर्वहारावर्गीय आन्दोलन पनि हो । श्रमिकवर्गको मुक्तिको वास्तविक सार दलित समुदायको मुक्ति हो, यो कुनै जातीय समुदायको अलग अधिकारको भड्कावबाट सम्भव छैन। श्रमजीवीवर्गको मुक्तिको बाटोभन्दा अलग मुक्तिको हल्ला केवल साम्राज्यवादी, पुँजीवादी, संसदीय राजनीतिक भ्रम मात्र हो किनकि पुँजीवादमा व्यक्तिवाद उचनिच सानोठूलो र नाफाघाटाको शोषण कायम नै रहने हुँदा वैज्ञानिक समाजवादमा मात्र पूर्ण रूपमा दलित मुक्ति सम्भव छ। तसर्थ वर्गसङ्घर्ष र वैज्ञानिक समाजवाद प्राप्तिको सङ्घर्षमा दलित मुक्ति आन्दोलनलाई एकाकार गरेर अघि बढ्नु नै दलित मुक्ति आन्दोलनको सही कार्यदिशा हो ।

## अपर तामाकोशी ...

आएको छ। छिनछिनमा कुरा फर्दै हिँड्ने सत्यमान लामाको साँठगाँठ स्थानीय जनप्रतिनिधि वडा अध्यक्षलगायत मूल्याङ्कन समिति, नापी विभाग, नगरपालिका, भूमिसुधारमा पनि सम्बन्ध राखी मुआब्जा पाउने रकमको चलखेल गरिरहेको बुझिन आएको छ। तीन पुस्तकालय भोगचलन गर्दै आइरहेका स्थानीय किसानलाई मर्का पर्ने गरी काठमाडौं बाहिर पहिचान नभएका व्यक्तिलाई द्वितीय रूपमा तल्सिङ खडा गरी विभिन्न कित्ताको जग्गा एकलौटी हात पारी अकुत रकम हात पार्ने षड्यन्त्रमा लागेका सत्यमान लामासँग त्यहाँका पीडित किसानहरूलाई कष्ट हुन पुगेको छ। सङ्घर्ष समितिको सदस्यसम्मलाई पनि नदिई मनोमानी काम गर्दै आइरहेको सत्यमानलाई उनकै समितिमा रहेका सदस्यले पनि आक्रोश पोखेका थिए। त्यहाँका किसानले भनिरहेका छन् । यही हामीलाई राजनीतिक शक्तिको आडमा हामीले पाउने मुआब्जा रकममाथि चलखेल गर्छ भने चुप लागेर नबस्ने चेतावनी दिएको छ । विभिन्न समूहहरू मिली हामीमाथि अनावश्यक दुःख दिँदासम्म यसै वडा अध्यक्ष सन्तबहादुर लामा मौन बस्नुले आश्चर्यचकित भएको त्यहाँका पीडित किसानले बताएका छन् । प्राप्त समाचारअनुसार मुआब्जामार्फत प्राप्त अर्बौं रकममा ठूलो कमिसन लिने खेलमा रहेको त्यहाँका भूमाफियाहरूको सक्रियता बढेसँगै स्थानीय पीडित किसानहरू सशङ्कित बन्न पुगेका छन् । पितापुर्खाले भोगचलन गर्दै कमाई खाई आएको जग्गा एक्कासि सब स्टेसन पर्दा सुकुमबासी बन्नुपर्ने पीडा त छँदैछ, पाउनुपर्ने रकमसम्म पनि कुदृष्टि लगाउने र ढिलासुस्ती गर्ने कार्यले ठूलो मारमा परेको बताउने त्यहाँका किसानहरूले न्यायका लागि पहल गरिदिन आग्रह गरिरहेका छन्। स्रोतका अनुसार अझै गहिराइमा गई गम्भीर अनुसन्धान गर्न पीडितले माग गरिरहेका छन् ।


**नेपाल इन्जिनियरिङ कलेजको बि.ई. तथा बि.आर्क. कार्यक्रमहरूको नयाँ भर्ना सम्बन्धी सूचना**

नेपालको इन्जिनियरिङ शिक्षा क्षेत्रमा विगत २४ वर्ष देखि संचालित, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा ख्याति प्राप्त गैर नाफा मूलक सामाजिक संस्था यस नेपाल इन्जिनियरिङ कलेजमा शैक्षिक सत्र २०७५ को लागि स्नातक तहका निम्न कार्यक्रमहरूमा भर्नाको लागि दरखास्त आह्वान गरिन्छ ।

| सि.नं. | कार्यक्रम | सिट संख्या |
|---|---|---|
| १. | बि.ई. सिभिल | १४४ |
| २. | बि.ई. सिभिल एण्ड रुरल | ४८ |
| ३. | बि. आर्किटेक्चर | ४८ |
| ४. | बि.ई. इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | ४८ |
| ५. | बि.ई. कम्प्युटर | ९६ |
| ६. | बि.ई. इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन | ९६ |
| ७. | बि.ई. सिभिल फर डिप्लोमा होल्डर्स | ४८* |

फाराम Online भर्नु पर्नेछ

फाराम दस्तुर रु.२,०००/-

फाराम दस्तुर Online फाराम भर्नुभन्दा अगाडी नै तोकिएको स्थानमा बुझाउनु पर्नेछ।

नोट: उल्लेखित कार्यक्रमहरुमा छात्राहरुका लागि २०% सिट सुरक्षित गरिएको छ।

*बि.ई. सिभिल फर डिप्लोमा होल्डर्स (*nec* BDH) को प्रवेश परीक्षाको सूचना पछि प्रकाशित गरिने छ ।

**न्यूनतम योग्यता:** बिज्ञान विषय (फिजिकल वा बायो ग्रुप) लिई १०+२/Diploma in Engineering वा सो सरहमा कम्तिमा द्वितीय श्रेणीमा उत्तिर्ण गरेको ।

**१०+२ का सम्पूर्ण विषयहरुमा न्युनत्तम C ग्रेड ल्याएको हुनु पर्नेछ ।**

**फाराम भर्ने मिति: २०७५/०४/०१ गतेदेखि २०७५/०४/२५ गतेसम्म बेलुका ५:०० बजेसम्म**

**फाराम दस्तुर बुझाउने स्थानहरू:**

| नेपाल इन्जिनियरिङ कलेज | नेपाल इन्जिनियरिङ कलेज, *nec* CPS | Bright Educational Academy (BEA) |
|---|---|---|
| चाँगुनारायण-४, भक्तपुर | प्रयागपोखरी, लगनखेल, ललितपुर | थापाथली, काठमाडौं |
| सम्पर्क नं.: ०१-५२२१००६ | सम्पर्क नं.: ०१-५५३०१५८ | सम्पर्क नं.: ०१-४२४०२१३ |
| (बिहान ७:३० बजेदेखि साँझ ५:०० बजेसम्म) | (बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म) | (बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म) |

**प्रवेश परीक्षा**

२०७५/४/२६ गते शनिबार | स्थान: नेपाल इन्जिनियरिङ कलेज, चाँगुनारायण-४, भक्तपुर | समय: बिहान १० बजे

*पुनश्चः ११ कक्षा पास गरेका र १२ कक्षाको अन्तिम परीक्षा दिई परीक्षाफल प्रकाशित हुन बाँकी रहेका विद्यार्थीहरुले समेत आवेदन दिन सक्ने छन् ।*

**आवेदन फाराम भर्दा पेश गर्नु पर्ने कागजातहरू:**

- १२ कक्षाको परिक्षा दिएको फोटो सहितको प्रवेशपत्रको प्रतिलिपि र नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको १ प्रति फोटो।

विस्तृत जानकारीको लागि

**नेपाल इन्जिनियरिङ कलेज**
(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
चाँगुनारायण-४, भक्तपुर
फोन नं.: ०१-५२२१००६, फ्याक्स नं.: ०१-५२२१००१
मोबाइल नं. : ९८४१६६९६८४/९८४१३४४९१९
www.nec.edu.np, Email: info@nec.edu.np






**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५





निर्देशक : **गुणराज लोहनी**, प्रबन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ